# पहिलो परिच्छेद

# अध्ययन पत्रको परिचय

## १.१ विषयपरिचय

स्याङ्जा जिल्ला पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चलमा पर्ने एक पहाडी जिल्ला हो । यो जिल्ला भाषा साहित्य, लोकसाहित्य कला आदिका दृष्टिले सम्पन्न मानिन्छ । यहाँ लोकसाहित्यका प्रमुख विधा लोकगीत, लोककथा, लोकगाथा, लोकोक्ति र लोक नाटकका साथै यी प्रमुख विधाका झ्याउरे गीत, मारुनीगीत पर्वगीत, देउसी, भैलो, सकुनगीत (भलए) आदि उपविधाहरू छरिएर रहेका छन् । मारुनीगीत यस ठाउँका मगरजातिमा बहुचर्चित र लोकप्रिय गीत हो । विशेषगरी तिहारको समयमा र खुशीयालीको अवसरमा मनोरञ्जनकालागि मारुनीनाच प्रदर्शन गर्दा यो गीत गाउने गरिन्छ ।

नेपालको पश्चिम पहाडी जिल्ला स्याङ्जाको कारीकोट क्षेत्रमा तिहारको समयमा देउसी भैलोसँगै र विशेषगरी गाउँका धनी मानीको घरमा खुशीयाली भएको अवसरमा मनोरञ्जनका लागि मारुनीनाच बोलाउने र गाउँलेहरूलाई  दर्शकको रूपमा भेला गराई भोज भतेर समेत गराउने प्रचलन रहेको छ । यसरी प्रदर्शन गरिने मारुनीनाच ठूलो नाचमा गाइने गीत नै मारुनी गीत हो । यो गीत पुरुषहरूद्वारा गायन गरिन्छ । मारुनी गीत (मान) विजयभारत नाच, चरित्र नाच, फुलवानाच, ख्यालीनाच, सोरठीनाच जस्ता विभिन्न प्रकारका नृत्यहरू गरिन्छ । यी विभिन्न प्रकारका नृत्य अन्तर्गत मारुनी गीत पनि फरक फरक हुने गर्दछन् । यसरी गाइने मारुनी गीतको प्रचलन स्याङ्जा कारीकोटको समाजमा अत्यन्तै पुरानो रहेको छ ।

मारुनी गीतमा ऐतिहासिक, भाषिक, सांस्कृतिक, साहित्यिक, सामाजिक आदि विभिन्न क्षेत्रको वस्तुस्थिति चित्रण हुने भएकाले मारुनी गीत हरेक दृष्टिबाट महत्त्वपूर्ण मानिन्छ । यस्ता महत्त्वपूर्ण गीतहरूको संरक्षण र संवर्द्धन गर्नु वर्तमान समयको एक महत्त्वपूर्ण र अनिवार्य कार्य पनि हो । नयाँ पुस्ताको न्यून चासो, पाश्चात्य संस्कृतिको बढ्दो प्रभाव र वर्तमान प्रतिकूल वातावरणले स्याङ्जा कारीकोट क्षेत्रमा प्रचलित मारुनी गीत गाउने व्यक्तिहरूको सङ्ख्या घट्दो छ । यहीक्रम केही समय चल्दै गयो भने यी मारुनी

गीतहरू नाममा मात्र सीमित रहन सक्छन् । त्यसैले यी महत्त्वपूर्ण लोक सम्पदाको संरक्षण र संवर्द्धन गर्नु पर्नेमा सवैतिर चिन्ता र चासो लिएका वेला मारुनी गीतको सङ्कलन र यिनै सङ्कलित मारुनी गीतलाई यस अध्ययनपत्रमा अध्ययन विश्लेषण गरिएको छ । यसरी यी मारुनी गीतको वैज्ञानिक विधिले सङ्कलन र विश्लेषण गरी लोक सम्पत्तिको सुरक्षा गर्न सकिने भएकाले यो अध्ययन मारुनी गीतमा नै केन्द्रित रहेको छ ।

स्याङ्जाको कारीकोट क्षेत्रमा प्रचलित मारुनी गीतलाई अध्ययन गर्दा यस क्षेत्रको भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक तथा भाषिक आदि अवस्थाको छोटो परिचय दिनु आवश्यक देखिएकाले त्यसतर्फ पनि शोध खोज प्रस्तुत गरिएको छ ।

## १.२ समस्याकथन

स्याङ्जा जिल्ला लोक साहित्यक दृष्टिले सम्पन्नशाली जिल्ला हो । यहाँ वेलाबखत लोकसाहित्यका सबै विधा-उपविधाहरू प्रयोगमा आइरहेका पाइन्छन् । लोक साहित्यका ती विधा उपविधा मध्ये मारुनी गीत पनि एक महत्त्वपूर्ण लोकप्रिय गीतका रूपमा रहेका छन् । यस्ता मारुनी गीतहरू रामायणमा आधारित, कृष्णचरित्रमा आधारित विरहका गीत विजयका गीत पर्व जनाउने गीत आदि भावका गीतहरू प्रचलनमा रहेका देखिन्छन् । यस ठाउँमा प्रचलित मारुनी गीतहरू मौखिक रूपमा प्रचलनमा रहनाले केही रूपमा लोप भइसकेको अनुमान गर्न सकिन्छ । यस सन्दर्भमा मारुनी गीतको आधुनिक विधी अनुसार खोज अध्ययन अनुसन्धान र विश्लेषण गर्न आवश्यक रहेको छ । यस्ता मारुनी गीतको सङ्कलन र विश्लेषण हुन नसक्नु नै प्रमुख समस्याका रूपमा रहेको छ । त्यस्तै स्याङ्जा जिल्लाको कारीकोट क्षेत्रमा प्रचलित मारुनी गीतको सङ्कलन प्रमुख समस्याका अतिरिक्त निम्न समस्याहरूको समाधान प्रस्तुत अध्ययनपत्र केन्द्रित रहेको छ ।

(१) स्याङ्जा जिल्लामा के कस्ता मारुनी गीतहरू रहेका छन् ?

(२) कारुकोट क्षेत्रमा प्रचलित मारुनी गीतहरू के कस्ता सन्दर्भमा गाइन्छन् ?

(३) कारीकोट क्षेत्रका मारुनी गीतको अध्ययन विश्लेषण के कसरी गर्न सकिन्छ ?

## १.३ अध्ययनपत्रको उद्देश्य

यस अध्ययनकार्यको प्रमुख उद्देश्य स्याङ्जा जिल्लाको कारीकोट क्षेत्रमा प्रचलित मारुनी गीतहरूको सङ्कलनका साथै सन्दर्भवादी पद्दति अन्तर्गतको कथनको जतितत्वगत विधिले विश्लेषण गरिनेछ । यसका साथै प्रस्तुत अध्ययनपत्रको तयारीका लागि निम्नलिखित उद्देश्यहरू अंगालिएका छन् ।

१) स्याङ्जा जिल्लाको कारीकोट क्षेत्रमा गाइने मारुनी गीतको सङ्कलन गर्नु ।

२) कारीकोट क्षेत्रका मारुनी गीतहरू के कस्ता सन्दर्भमा गाइन्छन् त्यसको खोजी गर्नु ।

३) स्याङ्जा कारीकोट क्षेत्रका मारुनी गीतको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षाअ

स्याङ्जा जिल्लाको कारीकोट क्षेत्रमा गाइने मारुनी गीत सम्बन्धी हालसम्म विशिष्ट रूपमा अध्ययन अनुसन्धान भएको पाइँदैन । लोक साहित्यानुरागी तथा अध्येताहरूले लोकसाहित्यका अन्य विधा-उपविधाका क्षेत्रमा कलम चलाउने क्रममा दिएको चिनारी टिप्पणी र छलफल निम्नानुसार छ ।

धर्मराज थापा र हंसपुरे सुवेदीले **नेपाली लोक साहित्यको विवेचना** (२०४१) नामक कृतिमा लोकगीतको चर्चा गर्ने कममा लोकनृत्य वा नृत्यगीतमा मारुनी गितको चर्चा गरेका छन् ।

कृष्णप्रसाद पराजुलीले **नेपाली लोकगीतको आलोक** (२०५७) नामक कृतिमा जीवनचक्रिय लोकगित अर्न्तगत नृत्यगीतमा पर्ने मारुनी गितको चर्चा गरेका छन् ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले **लोकवार्ताविज्ञान र लोक साहित्य** (२०६३ ) नामक कृतिमा सामयिक लोकगीतमा पर्ने मारुनी गितको चर्चा गरेका छन् ।

हुमकान्त वस्यालले **पाल्पा वल्देङगढी क्षेत्रका मगर जातिमा प्रचलित ठूलो नाच तथा स्थानीय अन्य लोकनृत्यहरूको सङ्कलन वर्गीकरण र विश्लेषण** (२०६२) शीर्षकको

अप्रकाशित शोधपत्रमा  मगर जातिमा प्रचलित मारुनी नाचको चर्चा गर्ने सन्दर्भमा मारुनी नृत्य सम्बन्धी गाइने केही मारुनी गीतहरू पनि समावेश गरेका छन् ।

**योगमाया गुरुङ्गले कारीकोट क्षेत्रमा प्रचलित ठूलोनाचको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६५) शीर्षकको अप्रकाशित शोधसामग्रीमा ठूलो नाचका विभिन्न प्रकारहरूको चर्चा गर्ने क्रममा मारुनी नाच प्रदर्शन गर्दा गाइने केही मारुनी गीतहरू पनि समावेश गरेकी छन् ।

उक्त पूर्वकार्यको अध्ययन गर्दा स्याङ्जा कारीकोट चण्डीभञ्ज्याङ्ग क्षेत्रका मारुनी गीतको अध्ययन अनुसन्धान हुन सकेको पाइदैन । तसर्थ प्रस्तुत अध्ययनपत्र कारीकोट क्षेत्रका मगर जातिमा प्रचलित मारुनी गितको अध्ययन तर्फ अग्रसर रहेको छ ।

## १.५ अध्ययनपत्रको औचित्य, महत्त्व र उपयोगिता

मौखिक र मौलिक परम्परामा हुर्केका लोकसाहित्य हाम्रो पुर्ख्यौली सम्पत्ति हो । लोकसाहित्य मनोरञ्जनको साधनमात्र नभएर लोक जीवनका विभिन्न क्षेत्रको यथार्थ स्वरूप चित्रण गर्ने माध्यम पनि हो लोक साहित्यका प्रत्येक विधा-उपविधाले आ-आफ्नो महत्त्व स्थापित गरेका हुन्छन् । मारुनी गीत पनि लोक साहित्यको लोक गीत अन्तर्गत पर्ने एक महत्त्वपूर्ण लोकप्रिय भेद हो । मारुनी प्राचीन कालदेखि निरन्तर रूपमा प्रचलनमा रहँदै आएको महत्त्वपूर्ण गीतका रूपमा चर्चित छ । मारुनी गीत प्राचीन समयदेखि वर्तमान समयसम्म निरन्तर रूपमा मगर समुदायमा मनोरञ्जन प्राप्त गर्नका लागि प्रयोग गरिदै आएको पाइन्छ । यस गीतको प्रयोजन विशेष गरी मनोरञ्जन प्राप्त गर्नु रहेतापनि रामचरित्र, कृष्णचरित्र, विजयभारत, जस्ता पौराणिक र ऐतिहासिक महत्त्वका विषयवस्तुहरू समेटिएका देखिन्छन् । जसले गर्दा मारुनी गीतको छुट्टै महत्त्व रहेको कुरा प्रष्ट हुन आउँछ ।

मारुनी गीत पश्चिमका विभिन्न स्थानमा अवस्थित मगर समुदायमा प्रचलित गीत हो । समयको परिवर्तन सँगै वर्तमन समयमा मारुनी गीत एवं नृत्यको प्रचलन अत्यन्तै कम हुँदै गएको अनुमान गर्न सकिन्छ । यस सन्दर्भमा विभिन्न कारणले लोप हुँदै गइरहेका स्याङ्जाको कारीकोट क्षेत्रमा प्रचलित मारुनीको विश्लेषण कार्यले मारुनीको संरक्षण र संवर्द्धन कार्यमा योगदान पुग्ने देखिन्छ । यस अध्ययनबाट मारुनीका व्यवहारिक प्रयोगको

महत्त्वपूर्ण स्थान स्थापित हुने देखिन्छ । भने मारुनीलाई लिपिबद्ध गरी यस अध्ययनपत्रले लोप हुन लागेका मारुनीगीतहरू सङ्कलन गरी लिपिवद्ध गरिदिएमा भावी पुस्ताको मारुनी गीतप्रति चासो उत्साह र हौसला बढाउन समेत मद्दत पुग्ने हुँदा प्रस्तुत अध्ययनपत्र औचित्यपूर्ण रहेको छ ।

## १.६ अध्ययन पत्रको सीमाङ्कन

यस अध्ययनपत्रको कार्यक्षेत्र स्याङ्जा जिल्लाको कारीकोट चण्डीभञ्ज्याङ् रहेको छ । यस ठाउँका अधिकांश व्यक्तिहरू मातृभाषाका रूपमा नेपाली भाषाको प्रयोग गर्छन् । यस जिल्लामा मगर जातिहरू विभिन्न स्थानमा छरिएर रहेका छन् । मारुनी गाउने व्यक्तिहरूको संख्या भने न्यून रहेको देखिन्छ । कारीकोट क्षेत्रका मगर समुदायमा भने मारुनीगीत अलिक बढी प्रचलनमा रहेको पाइएकाले प्रस्तुत अध्ययनपत्रमा यस कारीकोट क्षेत्रलाई मात्र विशेष अध्ययन क्षेत्र बनाइएको छ ।

प्रस्तुत अध्ययनपत्र कारीकोट क्षेत्रमा तिहारका अवसरमा र गाउँघरमा विशेष खुशीयालीको अवसरमा ठुलोनाच प्रदर्शन गर्दा गाइने मारुनीगीतको अध्ययनमा केन्द्रित रहेको छ । साथै यस अध्ययनपत्रमा उक्तक्षेत्रमा तिहारको अवसरमा सवैको घरघरमा गई देउसी, भैली सरह नृत्य प्रदर्शन गर्ने र अन्य पनि स्वेच्छाले आफ्नो घरमा मनोरञ्जनका लागि बोलाइएको स्थानमा गई मगर समुदायका पुरुषहरूद्वारा मारुनी नाच तथा गीत प्रस्तुत गर्ने क्रममा सङ्कलन र अध्ययन गरिएको हो ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनकार्यको सामग्री सङ्कलन क्षेत्रीय अध्ययन पद्धतिद्वारा गरिएको छ । अवलोकन विधि र असहभागी अवलोकन विधिद्वारा सामग्री सङ्कलन गरिएको छ । कारीकोट क्षेत्रमा गई त्यस ठाउँका मारुनी गाउने स्थानीय व्यक्तिहरूलाई भेटी त्यहाँका मगर समुदायमा प्रचलित मारुनीगीतहरू अन्तर्वार्ता र प्रश्नावली पद्धतिबाट प्राथमिक स्रोतका रूपमा सामग्री सङ्कलन गरिएको छ । द्वितीय स्रोतका रूपमा विभिन्न पुस्तकालयमा गई लोकसाहित्यसँग सम्बन्धित विभिन्न शीर्षकका पुस्तकहरू पढी सामग्री सङकलन गरिएको छ ।

## १.८ अध्ययन विधि

यो अध्ययनपत्र स्याङ्जा कारीकोट क्षेत्रका विभिन्न स्थान र त्रि.वि पुस्तकालयबाट सङ्कलित सामग्रीहरूलाई वर्गीकरण, विश्लेषण, व्याख्या गर्ने आदि कार्य गरिएको छ । त्यसैले अध्ययनपत्र लेखनका क्रममा प्रश्नोत्तर वर्णनात्मक तथा व्याख्यात्मक विधिहरूको प्रयोग गरिएको छ ।

## १.९ अध्ययनपत्रको रूपरेखा

प्रस्तुत अध्ययनपत्रलाई सुसङ्गठित र सुव्यवस्थित गर्नका लाीग निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनपत्रको रूपरेखा यस प्रकार रहेको छः

पहिलो परिच्छेद : अध्ययनपत्रको परिचय

दोस्रो परिच्छेद : स्याङ्जा जिल्ला र कारीकोट चण्डीभञ्ज्याङ्ग क्षेत्रको परिचय

तेस्रो परिच्छेद : मारुनी गीतको सैद्धान्तिक परिचय र वर्गीकरण

चौँथो परिच्छेद : कारीकोट क्षेत्रका मारुनी गीतको सङ्कलन र विश्लेषण

पाँचौ परिच्छेद : सारांश तथा निष्कर्ष

प्रश्नावली

सन्दर्भग्रन्थसूची

# दोस्रो परिच्छेद

# स्याङ्जा जिल्ला र कारीकोट चण्डीभञ्ज्याङ्ग क्षेत्रको परिचय

## २.१ स्याङ्जा जिल्लाको संक्षिप्त परिचय

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र गण्डकी अञ्चल अन्तर्गत पर्ने स्याङ्जा जिल्ला एक पहाडी जिल्ला हो । यस जिल्लाको पूर्वमा तनहुले, पश्चिममा गुल्मीले, उत्तरमा पर्वत र कास्कीले दक्षिणमा कालीगण्डकी नदीसँग पाल्पा जिल्लाले सिमाना छुट्याएको छ ।[१] यस जिल्लाको सदरमुकाम समुद्री सतहबाट ८५० मिटर उचाइमा रहेका स्याङ्जा बजार हो । यो जिल्ला समुद्र सतहबाट न्यूनतम ३६६ मिटर केलादी अधिकतम २,५१२ मीटर (पंचासेको लेक) सम्म उचाइमा रहेको छ । यस जिल्लालाई सुनौली पोखरा जोड्ने सिद्धार्थ राजमार्गले करिब बीचबाट पूर्व र पश्चिम गरी विभाजन गरेको छ । मुग्लिन नारायणगड सडक निर्माण नहुँदै सुनौली पाल्पा स्याङ्जा, पोखरा, काठमाडौं सम्म पुग्ने नेपालको मुख्य लोकमार्गको रुटमा रहेको स्याङ्जा जिल्लामा हाल ७९ कि.मी पक्की सिद्धार्थ लोकमार्ग भित्र यातायात सञ्चालन हुदै आएको छ । हाल स्याङ्जा नेपालको सवै भन्दा ठुलो जल विद्युत परियोजना कालीगण्डकी ए (१४४ मेगावट), सवैभन्दा ठुलो पहाडी सिचाइ योजना चापाकोट टार सिचाइ योजना (१००० हेक्टर) नेपालको पहिलो नमुना ग्रामिण पर्यटन गाउँ पञ्चमलुको सिरुवारी, नेपाल कै नमुना मानिने पाल्या र स्याङ्जाको सिमानासँग जोड्ने कालीगण्डकी नदी माथि रहेको राम्दीको पुल, र दुध, सुन्तला अदुवा कफी उत्पादन गर्ने जिल्लाको रूपमा आफ्नो पहिचान स्थापित गरिसकेको छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार स्याङ्जामा २,८९,१४८ जना मानिसहरू अक्सर वसोवास गरेका छन् । यो ७५ जिल्ला मध्ये क्षेत्रफलका दृष्टिले ६४ औं र जनसंख्यामा ३३ औ स्थानमा रहेको छ । यो जिल्लाले नेपालको क्षेत्रफलको ०.७९% प्रतिशत र जनसंख्याको १.०९% अंश ओगटेको छ ।

---

१ **जिल्ला वस्तुगत विवरण स्याङ्जा**, (२०७१) (स्याङ्जा : नेपाल सरकार राष्ट्रिय योजना आयोगको सचिवालय केन्द्रीय तथ्याङ्क विभाग तथ्याङ्क कार्यालय, २०७१) ।

### २.१.१ जिल्लाको नामकरण

यस जिल्लाको नाम स्याङ्जा रहनुमा विभिन्न कथनहरू पाइएको छन् ।

१. एकीकरण पूर्व सेन वँशीय चौबीसे राज्य अन्तर्गत सतौ, गह्रौ नुवाकोट र भीरकोट राज्यमा विभक्त भै “सेन जा” भन्दै कालकान्तरमा स्याङ्जा नाम रहन गएको हो भन्ने भनाई पाइन्छ ।
२. अठारौँ शताब्दीतिर आँधीखोला उर्लदै बढेर आएपछि ठेलिएछ । यसरी ठेलिएको देखेपछि मानिसहरूमा हाहाकार मच्चिन थाल्यो । एकजना सज्जन वृद्धले भगवानलाई पुकार्दै खोलो “स्यांइय जा” को अपभ्रंश भएर स्याङ्जा हुन गएको हो भन्ने भनाई रहेका छ ।
३. यस जिल्लामा सिंजाली मगरहरूको ठूलो वस्ती भएकाले उनीहरूकै ‘सिँजाली’ थरबाट अपभ्रंश भएर यस जिल्लाको नाम स्याङ्जा हुन गएको हो भन्ने भनाई पनि छ ।[२]

यस्तै कथाहरूको आधारमा हाल जिल्ला सदरमुकाम रहेका स्थानका नाम स्याङ्जा रहन गएको र तत्कालिन अवस्थामा यो ठाउँ जिल्लाको प्रमुख व्यापारिक केन्द्र हुनुका साथै पर्वत, वाग्लुङ, मुस्ताङ, तनहुँ जिल्लाको प्रमुख व्यापारिक नाकाको रूपमा पनि परिचित नाम भएकाले नै जिल्लाको नाम पनि स्याङ्जा नामाकरण गरिएको हो ।

### २.१.२ जिल्लाको इतिहास

यस जिल्लाको इतिहासका सम्बन्धमा सत्य प्रमाणिक तथ्य भेटिएको त छैन अधिकांश व्यक्तिहरूको कथनका आधारमा ऐतिहासिक कालमा भृगु ऋषिको तपस्थास्थल हालको चण्डीभञ्ज्याङ गा.वि.स को भृगतुम श्रवण कुमार र अन्धाअन्धीको किंकदन्तीसँग जोडिएको आँधीखोलाको उद्गमस्थल अन्धाअन्धी दह र स्वस्थानी व्रतकथामा उल्लेख भए अनुसार सतीदेवीको शेष अङ्ग पतन भएको छाङ्छाङ्दीको छाँया क्षेत्र आदिको भौगोलिक स्वरूपमा लिन सकिन्छ । प्राकृतिक, सांस्कृतिक र मनोरम दृश्यहरूबाट सौन्दर्यित स्याङ्जा जिल्लाले नेपाल एकीकरण पूर्व चौविसे राज्य अन्तर्गत छ टुके रजौटाहरू गह्रौँ, भीरकोट, सतौं नुवाकोट ढोर र पैयुँले आफ्नो ऐतिहासिक पहिचान बोकेको छ । प्राचिन कालमा हालको स्याङ्जा जिल्लाको भूवनोट दक्षिण र दक्षिण पश्चिमको पवित्र धार्मिक नदी

[२] ऐजन. पृ. १ ।

कालीगण्डकी किनारका सेतीवेणी, रुरु क्षेत्र केलादीघाट, राम्दीघाट, छाँया क्षेत्र हुँदै उत्तर पंचासधाम (बालाचतुर्दशीका दिन मेला लाग्ने स्थान) वरिपरिको धार्मिक पवित्रस्थल भनी शास्त्रहरूमा उल्लेख भएको पाइन्छ ।[३]

### २.१.३ जनसङ्ख्या

राष्ट्रिय जनगणना २०६८ को नतिजा अनुसार यस जिल्लाको जनसङ्ख्या २,८९,१४८ रहेको छ । जस मध्ये पुरुषको सङ्ख्या १,२५,८३३ र महिलाको सङ्ख्या १,६३,३१५ रहेको छ । यस जिल्लाको जम्मा घरपरिवार सङ्ख्या ६८,८८१ रहेको छ । संस्थागत जनसंख्या १,०४८ लाई अलग राखी बाँकी जनसङ्ख्या २,८८,१०० मध्ये शहरी जनसङ्ख्या (३ वटा नगरपालिकाको ५४,७१० छ भने ग्रामीण जनसङ्ख्या २,३३,३९० रहेको छ । लैगिंक अनुपात ७७.०५ विदेश जाने व्यक्तिहरू भएका घरपरिवार सङ्ख्या ३४,२०७ छ भने विदेश जाने व्यक्तिहरूको सङ्ख्या ५०,४७६ छ । विदेश जाने पुरुषको सङख्या ४६,०२४ र महिलाको सङ्ख्या ४,४५१ रहेको छ । यस जिल्लामा अपाङ्गता भएका व्यक्तिहरूको सङख्या ५,७१४ रहेको छ ।[४]

### २.१.४ राजनैतिक विभाजन

यस जिल्लालाई ३ वटा निर्वाचन क्षेत्र ३ वटा नगर पालिका (२०७१ जेठमा एउटा नगरपालिका थप भए पछि १५ वटा इलाका र ५७ वटा गा.वि.स हरूमा (२०७१ जेठमा ३ वटा घटेपछि विभाजन गरिएको छ ।[५]

### २.१.५ यातायात

यस जिल्लाको पूर्वमा तनहुँले, पश्चिममा गुल्मीले, उत्तरमा पर्वत र कास्कीले र दक्षिणमा कालीगण्डकी नदीसँग पाल्पा जिल्लाले सिमाना छुट्याएको छ । स्याङ्जा जिल्लालाई सुनौली पोखरा जोड्ने सिद्धार्थ राजमार्गे करिव बीचबाट पूर्व र पश्चिम गरी विभाजन रहेको छ । मुग्लिङ नारायणगढ सडक निर्माण नहुँदै सुनौली पाल्पा-स्याङ्जा

---

[३] ऐजन पृ. १ ।

[४] ऐजन पृ. ५ ।

[५] ऐजन पृ. ३ ।

पोखरा, काठमाडौं सम्म पुग्ने नेपालको मुख्य लोकमार्गको रुटमा रहेको स्याङ्जा जिल्ला हाल ७९ कि.मी पक्की सिद्धार्थ लोकमार्ग भित्र यातायात संचालन हुँदै आएको छ ।[६]

(जिल्ला वस्तुगत विवरण स्याङ्जा (२०७१ प्रकाशित पृ.न)

| **सडक सुविधा पुगेका गा.वि.स/नपा.** | **६२ (जिल्लाका सबै गा.वि.स नपा. मा पुगेको** |
|---|---|
| पक्की सडक | १४९.७ कि.मी |
| ग्रामेल सडक | १३.५ कि.मी |
| कच्ची सडक | ६१६.१ कि.मी |
| सडकको जम्मा लम्वाई | ७७९.३ कि.मी |
| झोलुङ्गे पुल संख्या | १४९ वटा |
| नदिमा पक्की पुल | १० वटा निर्माणाधीन समेत |

स्रोतः जिल्ला वस्तुगत विवरण, स्याङ्जा -२०७१[७]

### २.१.६ सञ्चार

सञ्चारको दृष्टिकोणले यो क्षेत्र मध्यम स्तरमा पर्दछ । जिल्ला हुलाक संख्या १, इलाका हुलाक, संख्या १२, टेलिसेन्टर स्थानमा भएका इलाका हुलाक कार्यालय संख्या ८, अतिरिक्त हुलाक संख्या, ५३ प्रति हुलाक सरदर जनसंख्या ६३६४ रहेको छ । सञ्चारको दृष्टिले हेर्दा एनसेल र युटिएल सेवा समावेश छैन ।

टेलिफोनको टावर

१. PSTN.Exchange-6

२. MainLink Tower-2

३. GSM-BTS Tower-33

४. CDMA(BTS) Tower-8

श्रोत - नेपाल टेलिकम स्याङ्जा (२०७०)

[६] ऐजन पृ. १ ।
[७] ऐजन पृ. ६१ ।

जिल्ला वस्तुगत विवरण, स्याङ्जा (२०७१)

टेलिफोन लाइन वितरण २५९३ रहेको छ ।

सिडिएमए - ३०००

सिडिएमए स्काइ- ६१००

मोवाइल प्रिपेड र पोस्टपेड- ८६०००

Dial upinternet - ५ संख्या

ADSL internet - २८५ संख्या[८]

सञ्चारका दृष्टिले प्रत्येक गा.वि.स तथा नगरपालिकामा टेलिफोन मोवाइल सुविधा भएको देखिन्छ ।

### २.१.७ हावापानी

उचाइको आधारमा जिल्लाको हावापानीलाई तीन भागमा बाँड्न सकिन्छ ।

(१) उष्णजलवायु : जिल्लाको १५ % भू-भाग मुख्यगरी होँचो तथा खोँच र नदी किनारमा यो हावापानी पाइन्छ ।

(२) समाशीतोष्ण जलवायु : जिल्लाको ७०% भु-भागमा यो हावापानी पाइन्छ ।

(३) शीतोष्ण जलवायु : जिल्लाको बढी उचाइ भएका १५% भू-भागमा यो हावापानी पाइन्छ ।

स्याङ्जा जिल्लाको उत्तर भागबाट दक्षिण भागतिर वर्षा कम हुँदै जान्छ । कुल वर्षा मध्ये मनसुती वायुबाट मौसममा करिव ८० प्रतिशत र पश्चिमी वायुबाट हिउँदमा करिव २० प्रतिशत पानी पर्दछ ।

यस जिल्लाको अधिकतम तापक्रम ३१.६ सम्म र औसत न्यूनतम तापक्रम ६ सम्म रहन्छ । नदी किनारमा अधिकतम ३५ सम्म पुग्दछ ।[९]

---

[८] ऐजन पृ. ६३ ।

[९] ऐजन पृ. २ ।

उक्त विवरण अनुसार यस जिल्लाको तापक्रम हावापानीको दृष्टिले राम्रो मानिन्छ ।

### २.१.८ नदीनाला

नदीनालाको दृष्टिले देशकै सम्पन्नशाली जिल्ला मान्नुपर्दछ । नेपालकै सवैभन्दा ठुलो जल विद्युत परियोजना कालीगण्डकी 'ए' १४४ मेगावाट उत्पादन भएको छ । स्याङ्जा जिल्लालाई कालीगण्डकीले घेरिएको जिल्ला हो । प्रमुख जलाधार क्षेत्रहरू आँधीखोला, कालीगण्डकी र ज्यादीखोला हुन् भने उपजलाधार क्षेत्र ३८ वटा रहेका छन् ।[१०]

### २.१.९ वनजङ्गल

यस जिल्लाको कुल क्षेत्रफलको ३२.१ प्रतिशत वन क्षेत्र रहेका छ । जिल्लाको अधिकांश भू-भाग उपोष्ण र समशितोष्ण क्षेत्र भित्र पर्ने हुँदा रुख प्रजातिको बाहुल्यताका आधारमा वनलाई वर्गीकरण गरिएको छ !

| **वनको किसिम** | **प्रतिशत** |
|---|---|
| चिलाउने कटुस | ७४% |
| साल | १०% |
| सिसौ खयर | १०% |
| खर्सु, रक्चन र लालीगुराँसको वन | ४% |
| खोटे सल्लाको वन | २% |
| जम्मा | १००% |

वनस्पतिहरूमा कुरिलो, बोझो, भ्याउ, नागवेली तेजपात पाषाणवेद, टिमुर आदि १०९ प्रकारका जडिवुटी र विभिन्न जातका वाँस र निगाला पाइन्छ ।[११]

## २.२ कारीकोट चण्डीभञ्ज्याङ्गको परिचय

गण्डकी अञ्चल अन्तर्गत स्याङ्जा जिल्लाको सवैभन्दा पश्चिम सीमानाान चण्डीभञ्ज्याङ्ग गा.वि.स पर्दछ । स्याङ्जा जिल्ला समुद्री सतरबाट ३६६ मीटर देखि २५१५

[१०] ऐजन पृ. १ ।
[११] ऐजन पृ. ६५ ।

मीटरसम्मको उचाइमा अवस्थित छ । भौगोलिक विवरण अनुसार कूल ११६४ की.मी मा यस जिल्ला भित्र ३० वटा गा.वि.स दुई वटा नगरपालिका र तीनवटा निर्बाचन क्षेत्र रहेका छन् । कालीगण्डकी गाउँपालिकामा २१,७२८ जनसङ्ख्या रहेको छ । कालीगण्डकी गाउँपालिका भित्र चण्डीभञ्ज्याङ्ग पर्दछ । यो प्रदेश नं. ४ मा पर्दछ । यसको केन्द्र विर्धा अर्चले हा । यस गाउँपालिकाको उत्तरमा गल्याङ् नगरपालिका, पूर्वमा गुल्मी र पाल्पा, पश्चिममा पाल्पा पर्दछ भने दक्षिणमा विर्घा अर्चले पर्दछ । यो गाउँपालिका ७३.५१ वर्ग किलोमिटरमा फैलिएको छ । चण्डीभञ्ज्याङ्ग १७.८८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । “राष्ट्रिय जनगणना २०६८ केन्द्रिय तथ्याङ्क विभाग काठमाडौं” अनुसार ३९.४२ जम्मा जनसङ्ख्या रहेको छ । यसमा २२०.५ जनघनत्व -जना/व.किमी २०६८) छ । २०५८-२०६८ को जनसंख्या वृद्धिदर- २.१६ रहेको छ । यहाँ (६९/७०) जन्मदर्ता १९९, मृत्युदर्ता ३५, वसाइसराइ २१ रहेको छ । राष्ट्रिय जनगणना केन्द्रिय तथ्याङ्कका अनुसार साक्षरता, ७६.६८, पुरुषसाक्षरता ८५.३६, महिला साक्षता ७०.४९ रहेको छ । चण्डीभञ्ज्याङ्ग गा.वि.स को सीमानामा उत्तरतिर पाल्पा जिल्ला र दक्षिण तिर गुल्मी सिजल्ला रहेको छ। इसको छिमेकी गा.वि.स आलमदेवी र विर्धा रहेको छ । यस क्षेत्रमा बढी मगर जातिको वसोवास छ । कारीकोट चण्डीभञ्ज्याङ्ग मा जम्मा ३९४२ जनसंख्या मध्ये पुरुष १६७१, महिला २२७१ छन् भने मगर २३५९ भएको गा.वि.स का अनुसार जातजातिहरूको जनसंख्या विवरणबाट खुलाएको  देखिन्छ । चण्डीभञ्ज्याङ्गमा ८३.९ हेक्टर खेत र १४३४ हेक्टर पाखो जमिन रहेका छ ।[१२]

---

[१२] योगमाया गुरुङ, **कारीकोट क्षेत्रमा प्रचलित ठूलोनाच सङ्कलन र विश्लेषण** ( अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६५), पृ. ७ ।

**चण्डीभञ्ज्याङ्ग**

| | **जम्मा** | **पुरुष** | **महिला** |
|---|---|---|---|
| जनसंख्या | ३९४२ | १६७१ | २२७१ |
| क्षेत्री | २४३ | १०१ | १४२ |
| बाह्मण | ५७७ | २५० | ३२७ |
| मगर | २३५९ | १०१२ | १३४७ |
| नेवार | १९१ | ८३ | १०८ |
| कामी | ३८५ | १५५ | २३० |
| गुरुङ | १९ | ८ | ११ |
| दमाई | ५२ | १७ | ३५ |
| सार्की | ९७ | ३५ | ६२ |
| बोटे | १७ | ९ | ८ |
| अन्य | २ | १ | १ |

चण्डिभञ्ज्याङमा ९ वटा वडा रहेका छन् । यहाँ पुरुष १,६७१, महिला २,२७१, जम्मा ३,९४२ मानिसका वसोवास भएको क्षेत्र हो । चण्डीभञ्ज्याङ्गमा गरीबीको दर १६.३१, गरीबीको विषमता ३.४३ गरीबीको गहता १.०९ रहेको छ । चण्डि भञ्ज्याङमा ८६.८३ प्रतिशत पाइप प्रणाली आयोजनाले ओगटेको क्षेत्रका लाभान्वित भएका छन् । विद्यालय भने यस क्षेत्रमा सामुदायिक मा.वि १, सामुदायिक नि.मा.वि १, निजी र संस्थागत ५ प्रा.वि रहेका छन् ।[१३]

## निष्कर्ष

पश्चिमाञ्चल विकास क्षेत्रको एक सांस्कृति विविधता युक्त भएका स्याङ्जा जिल्ला गण्डकी अञ्चलमा पर्ने एक पहाडी जिल्ला हो । स्याङ्जाको पश्चिम क्षेत्रमा अवस्थित कारीकोट चण्डि भञ्ज्याङ गा.वि.स. जिल्लाको सवैभन्दा पिछडिएको गा.वि.स हो । यस क्षेत्रमा बढी मात्रामा मगर जातिको बसोबास रहेको छ । यस अध्यायमा स्याङ्गज जिल्लाको परिचय नामाकरण, जिल्लाको इतिहास, जनसङ्ख्या, हावापानी, नदीनाला, यातायात, सञ्चार, राजनैतिक, वनजङ्गल जस्ता शीर्षकहरूको प्राप्त जानकारी अनुसार कारीकोटलाई चिनाउने प्रयास गरिएको छ ।

[१३] **जिल्ला वस्तुगत विवरण स्याङ्जा** पूर्ववत्, पृ. ९१ ।

# तेस्रो परिच्छेद

# मारुनी गीतको सैद्धान्तिक परिचय र वर्गीकरण

## ३.१ मारुनी गीतको सैद्धान्तिक परिचय

नेपाली लोकगीत अन्तर्गत पर्ने एक जाति विशेषको पहिचान र भेषभूषा, संस्कृतिलाई, पौराणिक तथा विभिन्न विषयवस्तुको पहिचान बोकेको विशेष गरी पश्चिमाञ्चल क्षेत्रका कुमाल, मगर, गुरुङ, सार्की जातिमा बढी प्रचलित पुरुष विशेष पात्रले छोरीको भेषमा गर्ने नृत्य, गीत र सङ्गीतको समग्र रूप नै मारुनी गीत हो । यो गीत नेपाली भाषाको अस्तित्व सँगै  एघारौं शताव्दीदेखी सुरुवात भएको पाइन्छ ।

वि.स. २००७ साल पूर्व खास गरेर इन्द्रजात्राको पर्वमा हनुमानढोका र अरु दरवारहरूमा पल्टनले समेत नाच नचाउने प्रचलन थियो उपत्यकामा लिच्छवी तथा मल्ल राजाहरूको समयमा विशेष उत्सव, जात्रा आदिमा गाइने गीतलाई महिला मान्छेको भेषधारण गरेर ऐतिहासिक विषय, पौराणिक, सामान्य लोक जनजीवनको पिरमर्का समेटिएको मारुनी र पुर्सुङ्गेको नृत्य प्रदर्शन गर्दा गाइने गीत नै मारुनी गीत हो । लोकमानस स्वभावतः गीत संङ्गीतप्रति आकर्षित भइरहने हुनाले भाषाको प्राप्ती सँगसँगै लोकगितले पनि ठाउँ लिइसकेको थियो । लोकगीत परम्परागत रूपमा कहिलेदेखि आरम्भ हुँदै आए र जनजीवनमा भिज्न थाले भनी खोतल्दा वैदिक युगसम्म पुग्न सकिन्छ । प्राप्त सामग्रीका आधारमा लोकभावनाको पहिलो सङ्केत नै वेद हो । मारुनीको खास अर्थ मारु भन्नाले दीपक रागको भेद हो भने मारु शब्दमा नी प्रत्यय गाँसीएर मारु+नी = मारुनी (मारु राग गाउने स्त्री) भएको मान्न सकिन्छ ।[१४] कलिलो ठिटालाई ठिटीको भेषभुषामा मारुनी बनाई गाउँदै नचाइने नृत्यगीतलाई मारुनी गीत भनिन्छ । यसमा मारुनीको साथै गुरुवा, पुर्सुङ्गे, ढँटुवारे, मादले र गायक(गर्रा) पनि सम्मिलित हुन्छन् । यो विशेष गरी दशैं, तिहार(लक्ष्मीपुजा देखि एकादशीसम्म) का साथै विशेष पुजाआजा, शुभकार्य आदिका अवसरमा पनि गाइन्छ । यसमा नृत्य र नाटकको प्रधानता रहन्छ । मारुनी स्त्रीवाचक शब्द भएपनि यो पुरुषप्रधान हुन्छ ।

---

[१४] कृष्णप्रसाद पराजुली : **नेपाली लोकगीतको आलोक** , ( काठमाडौं : वीणा प्रकाशन प्रा.लि., २०५७ ) पृ. २६६ ।

यसका प्रत्येक पाउ दश अक्षरका भई चार,सात र दश अक्षरमा विश्राम हुन्छ ।[१५] यो डम्फुको तालमा नाचिने एक प्रकारको गितिनाच हो । यहाँ नाच र गितको अभिन्न सम्बन्ध छ । यसलाई धार्मिक नृत्यको रूपमा लिइएको छ । अतः यसको नियमित तिथिमिति हो लक्ष्मीपूजा (कार्तिक कृष्ण अमावस्य देखि एकादशीसम्म) मानिसहरू दशैको साथै कुनै धार्मिक उत्सव, रुद्री, सत्यनारायण आदि धार्मिक कार्य लगाएको समय राती मारुनी नाच लगाउने व्यवस्था पनि गर्दछन् । यसमा पुरुष स्वास्नीमान्छेको पहिरन गरी मारुनी बन्दछन् ।

प्रा.डा. मोतीलाल पराजुली र डा. जीवेन्द्र देव गिरीको नेपाली लोकसाहित्यको रूपरेखा (वि.स. २०६८) कृतिमा एक पुर्सुङ्गे दुई मारुनी, दुई मादले र एक ढँटुवारे पात्रहरूले श्रीकृष्ण लीलासँग सम्बन्धित गीतहरू गाएर नाच्ने धार्मिक नृत्य नाटिका नचरी श्रीकृष्ण चरित्रमा आधारित गीत नै मारुनी गीत हो भनी पुष्ट्याएको देखिन्छ । लेखकद्धयको प्रकाशित कृतिमा श्रीकृष्ण जन्माष्टमीदेखि लिएर फागुपूर्णिमा सम्म यसको गायन प्रक्रिया चलिरहन्छ र फागुपूर्णिमा पछि पुन श्रीकृष्ण जन्मष्टमीमा गाइने गीतको समय पनि बताएको देखिन्छ ।[१६]

हुमाकान्त वस्यालको पाल्पा वल्डेङ् गढी क्षेत्रका मगरजातिमा प्रचलित ठुलो नाच तथा स्थानीय अन्य लोक नृत्यहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण वि.स. २०६२ अप्रकाशित शोधपत्रमा मारुनी पुर्सुङ्गे र मादलेलाई नचाउदा चाडपर्व वा कार्य विशेषमा मनोरञ्जन दिनकमा लागि मगर जातिको भेषभूषा झल्काउने वस्त्र पहिरिएर र गुरुवाको गीतअनुसार नाच्दा गाइने गीत नै मारुनी गीत भनी खुलाएको पाइन्छ । योगमाया गुरुङको कारीकोट क्षेत्रमा प्रचलित ठुलोनाचको सङ्कलन, वर्गीकरण र विश्लेषण वि.स. २०६५, अप्रकाशित शोध पत्रमा मारुनी ढटुवारे (पुसुङ्गे) स्वाङ पार्ने अन्य टोलिले गाउँदा कथावस्तुहरू प्रकृतिको वर्णन, प्रेमप्रसङ्ग तथा पौराणिक विषयवस्तुको प्रसङ्गलाई रोमाञ्चक शैलीमा गायन

---

[१५] प्रा.डा. खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ताविज्ञान र लोकसाहित्य** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३), पृ. १३७ ।

[१६] प्रा.डा मोतीलाल पराजुली र डा. जीवेन्द्रदेव गिरी, **नेपाली लोकसाहित्यको रूपरेखा,** (काठमाडौं : साझा प्रकाशन, २०६८), पृ. २७७ ।

र नृत्य गर्दा वृत्ताकार रूपमा समुहमा घुम्दै मादलेको आधारमा उठ्दै, वस्दै, घुम्दै, उफ्रदै अघिपछि गर्दै हाउभाउसहितको नृत्यमा गाइने गीत मारुनी गीत भनी प्रष्ट्याएकी छन् ।[१७]

मारुनी भनेर पात्र विशेषको नामबाट गीतको नाम नै मारुनी भनिएको छ । लोक जनजीवनदेखी स्थानीय देवीदेवता तथा पौराणिकतालाई गीतकै माध्यमबाट मनोरञ्जन प्रदान गरीने जातिविशेषको गीत नै मारुनी गीत हो ।

## ३.२ मारुनी गीतको परिचय

मारुनी गीत पश्चिमाञ्चल क्षेत्रमा गण्डकी प्रदेशका पहाडी भेगमा लोकप्रचलित गीतहरूमध्यकै उत्तम र जटिल गीतको रूपमा चिनिन्छ । यो गीत उठाउँने विश्रामगर्ने आफ्नै किसिमका भाका, ताल, राग छन् । मारुनी गीत कार्तिक कृष्णपक्षको औँशी देखि एकादशीसम्म विश्राम नगरी गाइन्छ । यो गीत अन्य चाडपर्व उत्सवमा पनि गाइन्छ । मारुनीलोकगीत रामायण, महाभारत, श्रीकृष्ण चरित्र, सोरठी गाथामा आधारित लोक गीत हो । यो गीतको उत्पत्ति र विकास सम्बन्धी कुनै लिखित प्रमाण त पाइदैन । गुरु परम्परा अनुसार एक अर्कामा हस्तान्तरित हुँदै आएको पाइन्छ ।

मारुनी गीत स्त्रीलिङ्ग प्रधान संस्कृतमा मारु शब्दमा नी प्रत्यय लागेर बनेको छ । मारु शब्दको अर्थ राग वा दीपक हुन्छ । मारु, रागमा गाउदै, नाच्दै, रमाउने हुनाले स्त्री रूप धारण पुरुषलाई मारुनी भनिएको हो । यसैको आधारमा सो मारुनी नाचमा गाउने गीतलाई मारुनी गीत भनिएको हो । यो गीत परापूर्वकालदेखि पुस्ता हस्तान्तरित हुँदै आएकाले यसको लेख्यरूप भन्दा कथ्य रूपमा नै बढी मात्रामा हस्तान्तरित भएको छ ।

मारुनी गीत सुरुमा देवता पुकार्ने (सरस्वती बाँध्ने) काम सकिएपछि मारुनी, पुर्सुङ्गे, मादलेको संयुक्त नृत्यको लागि गाइने गीत नै मारुनी गीत हो । मारुनी गीत दुःखान्तमा विसाउने चलन हुदैन । यो विशेष गरी सुखान्तमा नै विश्राम गरिन्छ । यस गीतलाई नेपाली

[१७] हुमाकान्त बस्याल, **पाल्या वल्डेङ गढी क्षेत्रका मगर जातिमा प्रचलित ठुलो नाच तथा स्थानीय अन्य लोक नृत्यहरूको वर्गीकरण र विश्लेषण**, (अप्रकाशित शोधपत्र त्रि.वि क्याम्पस पाल्पा, २०६२), पृ .४०-४१ ।

जीवनमा भिजेको दशै र अन्य चाडपर्वका आधारमा गाइने प्रसीद्ध गीत पनि भन्ने गरेको पाइन्छ ।

यस गीतमा भगवान रामका र कृष्णका चरित्रमा आधारित विभिन्न लिलाहरूका वर्णन पाइन्छ । रामायणको कथावस्तुमा आधारित भएर गाउँदा रामको चरित्रलाई मारुनीको अभिनय साथ नचाइन्छ । कृष्णको चरित्रको कथावस्तुमा आधारित भएर गाउँदा श्री कृष्णको चरित्रलाई मारुनीका अभिनयका साथ नचाइन्छ । यसरी हेर्दा मारुनी गीत पौराणिक विषयवस्तुमा आधारित संस्कारवद्ध गाथामा आधारित लोक गीत हो । आइमाईको भेषमा नाच्ने र अरुले गानबजान गर्ने ढटुवालले स्वाङ पार्ने लोक गाथामा आधारित प्रसिद्ध नेपाली गीतलाई मारुनी गीत भनिन्छ ।

मारुनी गीत पहाडी भेगमा प्रचलित लोकसाहित्यको विभिन्न विधाहरूमध्ये एक लोकप्रिय विधा हो । प्रायः गरेर कार्तिक कृष्णपक्षको एकादशीदेखि लगातार १६ दिन सम्म गाइन्छ । यो गीत १६ दिन भित्र कुनै दिन नगाएमा पुन : सरस्वती पुकारेर गाउले चलन कारीकोट क्षेत्रका मगरहरूले आफ्नै नियम वसालेका छन् । यो गीत घर बनाउदा (वास्तुपूजा गर्दा), लाहुरे आउदा, पहिलो पल्ट छोरा जन्मदा र विशेष चाडपर्वको दिन पारेर गाउने गर्दछन् । मारुनी गीतको सुरुगर्दा नाच्ने मध्ये कसैलाई सरस्वती चढेमा मादलको तालवाटै नचाइ छुटाइन्छ । कारीकोट चण्डीभञ्ज्याङ्ग खलुवाका लालवहादुर गरुवाका अनुसार यो गीत गाउँदा देवी चढ्ने र यो गीतमा पनि भगवानको शक्ति रहेको कुरा बताएका छन् ।

## ३.३ मारुनी गीतको परिभाषा

पुरुषपात्रले स्त्रीको भेषधारण गरी आकर्षक ढङ्गबाट गुरुवाले गीत भिके पछि मादलको ताल अनुसार नृत्य गर्ने उक्त पात्रको बढी मात्रामा गीतमा भूमिका भएकाले गीतको नाम नै मारुनी राखिएको हो ।

- सवै देवी देवता सम्भने क्रममा मारुनी मादले र पुर्सुङ्गेको नृत्यले गीतलाई प्रभावकारी बनाएको र मारुनी महिलाको भेषधारण गरेर नाच्दा सवैलाई रोमाञ्चक प्रदान गरेकाले नै यस गीतको नाम नै मारुनी गीत रहन गएको हो ।

- पौराणिक, प्रेमप्रसङ्ग तथा मनोरञ्जन दिन मादलका विभिन्न ताल बजाइ उठ्दै, बस्दै, उफ्दै, घुम्दै मारुनीलाई  नै मादले, पुर्सुङ्गेले आकर्षक बनाउने र दर्शकहरूलाई पनि बढी मनोरञ्जन प्रदान हुने भएकाले यस गीतको नाम मारुनी पात्र विशेषबाट चिनिएको हो ।
- गुरुवाले गीत गाउँदा मारुनीलाई नै बढी सक्रियता जनाउने र मारुनी, पुर्सुङ्गे, मादले र दर्शक तथा श्रोताले पनि मारुनीलाई नै आकर्षक मानेकाले गीतको नाम पनि मारुनी गीत भनेर चिनिएको छ ।

## ३.४ मारुनीगीतको विशेषता

मारुनी गीत विभिन्न विशेषताहरूले युक्त हुन्छन् । विषय भाव, भाषा प्रस्तुती सिर्जना आदिका आधारमा तिनलाई चिनाउन सकिन्छ । मारुनी गीतका केही विशेषताहरू यस प्रकार रहेका छन् ।

### ३.४.१ विषयगत विविधता

मारुनी गीतले लोक जगतका विभिन्न विषयलाई अंगालेका छन् । जन्मदेखी विभिन्न संस्कार धर्मकर्म, चाडवाड, रीतिस्थिति, मनका आवेग र चिन्तन भूगोलका अनेकता जीवजन्तु तिनका क्रियाकलाप पौराणिक, ऐतिहासिक जस्ता जनु सुकै विषयका रूपमा मारुनी गीतको विषय रहन्छन् ।

### ३.४.२ पात्रको नामबाट गीतको नाम रहनु

मारुनी गीतमा मारुनी पुर्सुङ्गे र मादलेको संयुक्त अभिव्यक्तिमा मारुनी वन्ने पात्रलाई आकर्षक मध्यविन्दु बनाएर उक्त मारुनीलाई नै सक्रियतापूर्ण खालको गीत रचना गरीएको हुनाले गीतको नाम नै मारुनी रहन गएको छ ।

### ३.४.३ सरल तथा समसामयिक भाषाको प्रयोग

लोकगीत लोक जनजीवनबाट जन्मेको साहित्यीक विधा भएको हुँदा यसमा लोक जनमानसको भाषा शैलिको प्रभाव परेको देखिन्छ । लोकगीत परिवर्तन भइरहने हुनाले यो पौराणिक ऐतिहासिक, मगर, भाषा, तथा विभिन्न भाषाको प्रयोग गरेको देखिन्छ ।

उदाहरण : हे हे गावै क्यारे समभ्कैला देवी र देउता
हा. नाचैला रैको देवी नाचौला देवी र देउता

यस प्रकार यसमा स्थानीय भाषाको प्रचुर मात्रामा प्रयोग भएको देखिन्छ । स्थानीय सर्वसाधारण जनमानसले प्रयोग गर्ने भाषा भएकाले भाषा स्तरीय नभएर सरल तथा स्वाभाविक हुन्छ ।

### ३.४.४ पुनरावृत्ति

यो गीत प्राय : दोहोरिन्छ । यस गीतलाई सुरुमा गुरुवाले गीत निकाल्ने र अरुले त्यो गीत र पटक सम्म दोहोऱ्याउने गर्दछन् । कतिपय वेला दुई पल्ट मात्र पनि पुनरावृत्ति गरिन्छ । बढीमात्रामा पुनरावृत्तिले गर्दा गाउनेलाई पनि कण्ठस्थ हुने र सुन्नेलाई पनि कण्ठस्थ हुने हुनाले सवैलाई बढी रोमाञ्चक  वा श्रुतिरम्य बनाउने गर्दछ ।

### ३.४.५ स्थानीयता

स्याङ्जा जिल्लामा गाइने मारुनी गीतहरूमा स्थानीय देवता, स्थान, पर्व, संस्कार आदिको चित्रण भएको देखिन्छ । स्थानीय भाषा, स्थानीयलय, स्थानीय सङ्गीत र रहनसहनले गर्दा यो गीत गाउने र नाच्ने अन्य जिल्लामा गाइने भन्दा केही फरक र आकर्षक खालको पाहिन्छ । स्याङ्जा जस्तै मारुनी गीत प्रचलित रहेका अन्य जिल्लाहरूमा पनि आफ्नै आफ्नै स्थानीय विशेषताले युक्त मारुनी गीत रहेका छन् ।

### ३.४.६ सङ्गीतको प्रयोगले मात्र गाइने

मारुनीगीत भन्ने वित्तिकै मारुनी नाच र सोरठीगीत र सोरठीनाच भन्ने बुभ्दछन्, यो गीत गाउनलाई मादलको, मुजुरा तथा आवश्यक मात्रामा अन्य वाजाहरूको प्रयोग गर्ने

गर्दछन् । प्रायः मारुनीगीत गाउन भन्दा अगाडिबाट तालझिकेर मात्र ताल अनुसार गुरुवाले गीत गाउने गर्दछन् । यस मारुनी, ख्याली गीतमा बढीमात्रामा प्रयोग गरीने तालहरू निम्नानुसारबाट स्पष्ट हुन सकिन्छ ।

**मारुनीगीत तथा नाचमा प्रयोग हने ढिलाखालका ताल**

१. ताक् कुन. झ्याँ किन्
२. झ्याउँ, नाकिन, झ्याउँ, किन
३. झ्याउँ, ताँउ, नक, किन
४. प्फट, ताँ, धिँ, ता
५. छाँउ, फत, ताँउ, छाँउ, छाँउ
६. धिं, तां धिँ ता
७. छाउँ फट्ता फट् ता किँ

**मारुनी गीत तथा नाच्दा प्रयोग हुने छिटो खालका ताल**

१. जाँउ किन् जाँउ
२. ताक, जाँउ फट
३. फट् तिम, धिम
४. धिम, तिङ्ग, ताक,

**सरस्वती बाँध्ने क्रममा बजाइने ख्याली तालहरू**

१ ताङ्की धिन्ताङ् (२/२)
२ छाँउ, छाँउ, छाँउ, छाँउ (२/२)
३ छाँउ, फट, फट, टाउँ (२/२)
४ ताङ्, किता, धिन्ताङ (२/२)
५ घिन ताङ्, नक जाँउ (२/२)[१८]

[१८] ऐजन, पृ. ४१ ।

### ३.४.७ मौलिकता

यो गीत सोरठी गीत पूर्वदेखि नै मौखिक परम्परामा संक्षिप्त हुदै आएको देखिन्छ । यो गीत लेख्य परम्परा भन्दा कथ्य परम्परा बढी रहेको छ । कृत्रिम बनावटी गीत भन्दा धेरै पुरानो अस्तित्व मारुनी गीतको महत्त्व रहेको छ । मौलिकता मारुनी गीतको महत्त्वपूर्ण पक्ष मानिन्छ । प्रायः स्थानीय भाषाको प्रयोगले गर्दा यो गीतमा मौलिकपन पाइन्छ । यसको विकास एकपुस्ताबाट अर्को पुस्ता अर्को पुस्ताबाट अर्कोपुस्ता गरी पुस्ताहस्तान्तरणले विकास र विस्तार भएको देखिन्छ ।

मारुनी गीत गुरुवाले झिकेर, उपस्थित अरुले गीत छोप्ने पुरुषपात्रलाई स्त्रीको भेष धारण गराएर पुर्सुङ्गे, ढटुवारे, मादले गर्राहरूको समग्र नृत्य हुदा गाइने गीत मारुनी गीत हो ।

## ३.५ मारुनीगीतको वर्गीकरण

### ३.५.१ प्रस्तुतिका आधारमा मारुनी गीत

मारुनी गीत अन्य गीत भन्दा विशेष खालको गीत हो । यस गीतको थालनी गर्ने प्रक्रिया र समापन गर्ने प्रक्रिया विशेष खालको हुन्छ । कलीलो पुरुषलाई महिलाको भेषभूषामा मारुनी वनाई गाउँदै मादलको तालमा नचाइने नृत्य प्रधान गीतलाई नै मारुनी गीत भनिन्छ । नेपाली लोक साहित्यमा प्रस्तुतीका आधरमा मारुनी गीतको विशिष्ट स्थान रहेको पाईन्छ । यसमा मारुनी गीत विषयवस्तु र कथावस्तुलाई हाउभाउसहित प्रस्तुत गर्ने काम गरिएको हुन्छ ।

### ३.५.२ विषयवस्तुका आधारमा वर्गीकरण

लोकजीवनमा विभिन्न अवस्थालाई लोकसमक्ष प्रस्तुत गर्ने विभिन्न आधार अपनाइन्छ । ती प्रस्तुत गर्ने आधारमा केही न केही आकार-प्रकार विधि विधान र अभिव्यक्ति शैलीमा अन्तर हुने भएकाले मारुनी गीतलाई विषयवस्तुका आधारमा तीन भागमा वर्गीकरण गरिएको छ ।

१ **पौराणिक मारुनी गीत** : पौराणिक विषयवस्तुलाई आधार मानेर रचना गरिएको मारुनी गीतलाई पौराणिक मारुनी गीत भनिन्छ । पुराणमा वर्णन गरिए अनुसारको विषयवस्तुलाई टिपेर सोही आधारमा गाइने गीत मारुनी, पुर्सुङ्गे, ढटुवारे जस्ता नृत्यकर्मीहरू प्रस्तुतीमा गाइने गीत हो । श्रोता र दर्शकलाई यो गीत प्रस्तुत गर्दा श्रुतियोग्य बनाउछ भने भेषभुषा र नृत्यहरूले मनोरञ्जन दिने गर्दछ । यसमा विशेष गरेर रामायण, महाभारत जस्ता ग्रन्थलाई आधार मानेर गीतको सिर्जना गरिएको हून्छ ।

२ **धार्मिक मारुनी गीत** : मारुनी गीत धार्मिक उद्देश्यले रचना गरिएको गीत हो । यो गीत हाम्रो समाजमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा धार्मिक चाड पर्व सँग विषय जोडिएको हुन्छ । हिन्दु धर्मको परम्परामा कुनै पनि उत्सवमा कार्यमा पुजा पाठ, गीत नाटक, मेला जस्ता कार्यक्रमको आयोजना गरिन्छ । यो मारुनी गीत विशेष गरेर पहिलो सन्तान छोरो भएमा विदेशबाट लाहुरे आएमा, घरको वस्तु पूजामा, यो गीतका आयोजना गर्ने गर्दछन् । अन्य वेलामा वाचुञ्जेल धर्मकर्म गर पूजा आजा, दानदक्षिणा गरेमा आफ्ना सन्ततिको भलो हुन्छ र मरेपछि आत्माले शान्ति पाउँछ भनी कारीकोटका मगर समुदायमा यस गीतको आयोजना गरिन्छ ।

३ **ऐतिहासिक मारुनी गीत** : इतिहासका विषयलाई आधार मानेर मारुनी, पुर्सुङ्गे ढटुवारे, मादलेलाई नचाउने उद्देश्यले रचना गरिएको गीतलाई ऐतिहासिक मारुनी गीत भनिन्छ । नेपाली लोकगाथा वा कर्खाहरूसँग नजिक देखिने यो गीतले ऐतिहासिक घटनालाई गीतको रूपमा प्रस्तुत गर्नु हो । यी विषयवस्तुलाई गीत, नृत्य र अभिनयका साथ प्रस्तुत गरिन्छ ।

### ३.५.३ आकारका आधारमा मारुनी गीत

मारुनी गीत गाउँदा सुरुमा २२ जनाको समूह हुनैपर्ने हुन्छ । यसमा मारुनी-१ मादले २, पुर्सुङ्गे-१, ढटुवारे-१ र गुरवा-१ अनि अरु मादलको तालमिलाउने गीत छोप्ने गरी २२ जना हुनुपर्ने हुन्छ । यो गीत शुरु गरेपछि कम्तिमा दुई घण्टा अनिवार्य गाउनै पर्ने हुन्छ । कार्तिक कृष्ण पक्षदेखि गाउन शुरु गरेपछि यो फागुपूर्णिमा सम्म लगातार गाउन सकिन्छ ।[१९] यो गीतले धार्मिक ऐतिहासिक, पौराणिक तथा प्रेम प्रसङ्गलाई पनि कथावस्तुको रूपमा लिने गर्दछ । यो गीत जति लामो पनि गाउन मिल्छ । कथावस्तु पौराणिक विषयलाई

[१९] **जिल्ला वस्तुगत विवरण स्याङ्जा** - २०७१, पूर्ववत्, पृ. ९१ ।

लिइएकाले मैनौ दिनसम्म पनि गाउन सकिने हुन्छ । अन्य लोकगीत भन्दा यो लोकगीत अलि लामो मानिन्छ ।

### ३.५.४ जातीय आधारमा मारुनी गीत

कारीकोट चाण्डीभञ्ज्याङ्गको जातजातिहरूको जनसंख्या हेर्दा जम्मा जनसंख्या ३९४२ मध्ये मगर जाति २३५९ रहेको छ । धेरै जसो मगर जातिको वसोवास रहेको हुनाले यो ठाउँमा बढी मारुनी, सोरठी ठुलोनाच तथा मगर समुदायमा प्रचलित गीतहरूले मगर संस्कृतिले अन्य समुदायमा पनि प्रभाव पारेको छ । यहाँ गुरुङ समुदायले पनि मगरकै संस्कृति र मारुनी गीतहरू गाउने गरेको देखिन्छ ।

### निष्कर्ष

लोकसाहित्य सामान्यतया मानिसका भाव, विचार, व्यक्त गर्दै प्राचीनकालदेखि नै श्रुतिपरम्परालाई निरन्तरता पाएर पुस्ता हस्तान्तरित भएर बाँचेको छ । यसले मानिसमा शोषित, दमित, भावनालाई गीतको माध्यमबाट अभिव्यक्त गरेर मन हलुका पार्ने यो विधाले गरेको छ । यस विधामा सामान्य वर्गदेखि लिएर उच्च जीवन भोगाइलाई गीतका माध्यमबाट अभिव्यक्त भएको पाइन्छ । मारुनी गीतले पौराणिक, क्षेत्रिय, जीवन भोगाइ, कुण्ठित भावना तथा आध्यात्मिकताको पनि गीतबाटै अभिव्यक्ति गरिएको छ ।

# चौंथो परिच्छेद

# कारीकोट क्षेत्रका मारुनीगीतको सङ्कलन र विश्लेषण

## ४.१ स्याङ्जा जिल्लाको कारीकोट चण्डीभञ्ज्याङ्ग गा.वि.स मा प्रचलित मारुनी गीतको सङ्कलन

यस अध्ययन पत्रमा सङ्कलित सरस्वती बाँध्ने कृष्णचरित्र, रामचरित्र, ख्याली, गौरीचरणा, आशिक, शीर्षकमा आधारित कारीकोट चण्डीभञ्ज्याङ खलुवा गैरा निवासी लालवहादुर चितौरे रानाबाट सङ्कलन गरिएको हो । सङ्कलनका क्रममा धेरैजसो पुराना लेखिएका गीत हुन् । यो गीत कार्तिक कृष्णपक्षको औँशीदेखि एकादशी सम्म विश्राम नगरी गाइन्छ । यो गीत गाउँदा सुरुमा सरस्वती बाँध्ने अथवा देवीदेवता पुकार्ने गरिन्छ । चण्डि भञ्ज्याङ्ग खलुवामा मारुनी गीत गाउने टोलीका गायक साङ्गीत र नृत्यकर्मीहरूको नामावली यस प्रकार रहेको छ ।

| | | |
|---|---|---|
| १. | लालबहादुर चितौरै (राना) | गुरु |
| २. | अमरसिंह चितौरे- | सहायक गुरु |
| ३. | डबबहादुर चितौरे (राना) | मादल, गीत |
| ४. | धनबहादुर चितौरे (राना) | मादल, गीत |
| ५. | ओमबहादुर सोमै | मादल, मारुनी, गीत- सहायक गुरु |
| ६. | टुकबहादुर चितौरे | पुर्सुङ्गे, मादल, गीत |
| ७. | लेखबहादुर रेगामी | पिर्सुङ्गे मादल, गीत |
| ८. | गीरीबहादुर रेगामी | मारुनी, मादल, गीत |
| ९. | मोतीलाल लामिछाने | गीत, मादल |
| १०. | डिलबहादुर सोमै | मादल, गीत |
| ११. | खड्गबहादुर राना | मादल, गीत |
| १२. | हरिबहादुर राना | मादल, गीत |
| १३. | केशवबहादुर चितौरे (राना) | मादल, गीत |
| १४. | यज्ञबहादुर राना | पुर्सुङ्गे गीत |

| | | |
|---|---|---|
| १५. | इन्द्रबहादुर राना | गीत |
| १६. | यमबहादुर राना | पुर्सुङ्गे गीत |
| १७. | गणेश चितौरे | गीत |
| १८. | अजय राना | मारुनी, पुर्सुङ्गे, गीत |
| १९. | लालबहादुर राना | पुर्सुङ्गे, गीत |
| २०. | खुमबहादुर राना | मादल, गीत |
| २१. | पुरनसिँह राना | मादल, गीत |
| २२. | भूपालसिँह लामिछाने | मारुनी, गीत |
| २३. | खेमबहादुर राना | गीत |
| २४. | पुलबहादुर राना | गीत |
| २५. | भीमबहादुर राना | गीत |
| २६. | खुमबहादुर राना | मारुनी, मादल, गीत |
| २७. | चमबहादुर राना | गीत |
| २८. | यमबहादुर राना | गीत, पुर्सुङ्गे |

शुरुमा लालबहादुर गुरुका निर्देशनमा एक ठाउँमा भेला भई एक माना चामल र मास फुकी सम्पूर्ण मारुनी, पुर्सुङ्गे र मादले हरूलाई कसैको आँखा नलागोस भनी छर्किन्छ । सवैको रक्षा हुनेछ भन्ने जनविश्वास रहेको छ । मारुनी गीत र अभिनय सकिएपछि साङ्गे गरिन्छ । मारुनी गीती नृत्यलाइ सोरठी मारुनी, चरित्र मारुनी, ख्याली मारुनी गरी विभिन्न भागमा रहेको छ । यो गीत गाँउदा सुरुमा सरस्वती बन्दना सहित सम्पूर्ण देवी देवता पुकार्नु सवैजना भगवानको सरणमा पर्नु गाउँका चण्डी भएर, ब्रह्मा, कालीनाग, सूर्य चन्द्र धर्ती आकाश, पाताल, सवैतिर सम्भदै गुरुले मन्त्रोच्चारण गरी भगवानको पाउँ पर्नाले यो लोक गीत हो भन्ने पुष्टि मिल्छ । कृष्ण चरित्रमा श्रीकृष्णको जन्म, पुतना बध, बाललिला कंशबध लगायत भगवानको सम्पुर्ण चरित्रको वर्णन हुन्छ । रामलिलामा भगवान रामले वालीबध, वनगमन, लङ्कागमन, रावणबध जस्ता रामायणको सम्पूर्ण चरित्र समेटिने गरी वर्णन गरीएको हुन्छ । ख्याली गीत विच-विचमा श्रोता तथा दर्शकलाई बढि मनोरञ्जन प्रदान गर्नलाई चुट्का खालको गीत गाइन्छ । गौरी चरणागीत कृष्ण चरित्र गाए लगत्तै गाइन्छ । गीत गाएर

विश्राम गर्दा जसको घरमा आयोजना गरिएको छ, त्यस घरमालिकलाई गीत बाटै आशिक प्रदान गरिन्छ ।

### सरस्वती पुकारने विधि

हा सरस्वती माइ हो सरणा तुम

१ हे हे पहिलाये समैजला धरती र माता

हा. धरती र माताले देव रक्षा पाउ

२ हे हे जता देवसय समैजला लोहालानि अवैला

हा. पावय हिन्दा पावय हिन्दा देव रक्षा पाउ

३ हे हे गावै क्यारे समैजला देवी र देउता

हा नाचैला रैको देवी नाचैला देवी र देवता

४ हे हे गाव क्यारे समैजला सीम्यार भुम्या

हा सीम्यार भुम्याले देव रक्षा पाउ

५ हे हे गाव क्यारे समैजला सीद्धा र देवता

हा सीद्धा र देवताले देव रक्षा पाउ

६ हे हे मेकोतय समैजला भुयार देवताले

हा भुयार देवताले देव रक्षा पाउ

७ हे हे गाव क्योर समैजला चण्डी र माताले

हा चण्डी र माताले देव रक्षा पाउ

८ हे हे मौला थान समैजला वाल कन्या देवीले

हा वालकन्या देवीले देव रक्षा पाउ

९ हे हे मनुनये समैजला भैरव देवताले

हा भैरव देवताले देव रक्षा पाउ

१० हे हे वहिक्यारे समैजला कालिका देवीले

हा कालिका देवीले देव रक्षा पाउ

११ हे हे प्युघाये समैजला कालिका देवीले

हा कालिका देवीले देव रक्षा पाउ ।

१२ हे हे किपतये समैजला नैना र देवताले

हा नैनार देवताले देव रक्षा पाउ

१३ हे हे कोलडाँडा समैजला कालिका देवताले

हा कालिका देवताले देव रक्षा पाउ

१४ हे हे सेउरडाँडा समैझला सिला चक्र देवताले

हा सिला चक्र देवताले देव रक्षा पाउ ।

१५ हे हे टुङकोतये समैजला भुयार देवताले

हा भुयार देवताले देव रक्षा पाउ ।

१६ हे हे छापडाँडा समैजला कालिका देवताले

हा कालिका देवताले देव रक्षा पाउ

१७ हे हे लसर्घाये समैजला आलम देवताले

हा आलम देवताले देव रक्षा पाउ

१८ हे हे वहि क्यारे समैजला देउराली माताले

हा देउराली माताले देव रक्षा पाउ

१९ हे हे रेडि घाट समैजला रेषीशोर देवताले

हा रेषीशोर देवताले देव रक्षा पाउ

२० हे हे अर्धाय समैजला आलम द्‌वताले

हा आलम देवताले देव रक्षा पाउ

२१ हे हे पाल्पाये समैजला भैरम देवताले

हा भैरम देवताले देव रक्षा पाउ

२२ हा हा. तानसेनये समैजला भगवती देवताले

हा भगवती देवताले रक्षा पाउ

२३ हे हे सतुङ्गये समैजला चण्डि र माताले

हा चण्डि र माताले देव रक्षा पाउ

२४ हे हे ल्हाम्पेकय समैजला थानपति देवताले

हा थानपति देवताले देव रक्षा पाउ

२५ हे हे वलँग्घाय समैजला क्षेत्रमा पति देवताले

हा क्षेत्रमा पति देवताले देव रक्षा पाउ

२६ हे हे प्रभासय समैजला वँशको वाला देवताले

हा वँशको वालाले देव रक्षा पाउ

२७ हे हे गोरखाये समैजला रैना र देवीले

हा रैना र देवीले देव रक्षा पाउ

२८ हे हे गोरखाये समैजला गोरखानाथ देवताले

हा गोरखानाथ देवताले देव रक्षा पाउ

२९ हे हे कछारये समैजला सत्यावति देवताले

हा सत्यावति देवताले देव रक्षा पाउ

३० हे हे कासिय समैजला विषय शोर देवताले

हा विषयाशोर र देवताले देव रक्षा पाउ

३१ हे हे नेपालय समैजला पशुपतिनाथले

हा पशुपति नाथले देव रक्षा पाउ

३२ हे हे वहिक्यारे समैजला गुज्याशोर देवताले

हा गुज्याशोर देवताले देव रक्षा पाउ

३३ हे हे वहिक्यारे समैजला निलाकण्ठ देवताले

हा निलाकण्ठ देवताले देव रक्षा पाउ ।

३४ हे हे पूर्वय समैजला सूर्य ज्यूको छायाले

हा सूर्य ज्यु को छायाले देव रक्षा पाउ

३५ हे हे आकसय समैजला नवै लाख ताराले

हा नवै लाख ताराले देव रक्षा पाउ

३६ हे हे पतालय समैजला वासुकि नागले

हा वासुकि नागले देव रक्षा पाउ

३७ हे हे पूर्वय समैजला हर्खली देवताले

हा हर्खली देवताले देव रक्षा पाउ

३८ हे हे पश्चिम समैजला निरमली देवताले

हा निरमली देवताले देव रक्षा पाउ

३९ हे हे उत्तरय समैजला अन्नपूर्ण देवताले

हा अन्नपूर्ण देवताले देव रक्षा पाउ

४० हे हे दक्षिणाय समैजला टेष्टीकोती देवताले

हा टेष्टी कोती देवताले देव रक्षा पाउ

४१ हे हे पूर्व बाँधौ पश्चिम बाँधौं बाँधौं चारै सुर

हा बाधैला हेर संगी बाँधौंला हेर सँगी वीर हनुमान

४२ हे हे उत्तर बाँधौं दक्षिण बाँधौं बाँधौं चारै सुर बाँधौं र हेर सँगी

४३ हे हे आकाश वाधौ पताल बाँधौं बाँधौं चारै सुर बाधैला हेर सँङ्गी

४४ हे हे मादल बाँधौं भ्याली बाँधौं बाँधौं चारै सुर बाँधौंला हेर सँगी

४५ हे हे नाचौ बाँधौं गैर बाँधौं बाँधौं चारै सुर

बाँधौंला हेर सँगी बाँधौंला हेर सँगी वीर हनुमान

## सरस्वती पुकारे पछि गाउनै पर्ने गीत

१. तीय हे हो जाउ देवी कालिका हाई हाई देवी पूजा

हा हा तहेरमा दैला देवी तहरेमाा देला देवी मासुरन सुहायोत तहेरमा ।

२. हे हो उधावन्त लिलै देवी उधावन्त समन

हा हो विसाउन्ट गोप्यनी विसाउन्न गोप्यानी

मंगल गाई विसाउन्त ।

३. हे हो यानु चिताउन चीता करल सिरान

हा हा. नाचौला राजा हो नाचैला राजा हो वैदय मार ।

४. हे हो धर धर कयाली चन्दन कि काथ ।

हा हा पर जावो लोम्यानी पर जावो लोम्यानी वैशाख दालीया पर जावो

५. हे हो वचनैको शब्दले चियारा उदायो

हा हा कानम सुनैला कानय सुनैला कहा क वोली

६. हे हो यहि चिया घर-घर नहि चिदुवार

हा हा नारायणको दैला देवी नारायणको दैला पर हर रावनने रेषी नारायणको

७. हे को मारी हालौ यासुरन रेडिं हालै सर ।

हा हा हातयको रंग मलाई हातयको रंग मलाई

मुखै पर लिन आयको हातव्यको रंग मलाई ।

८. हे हो मरमले यासुरन यासमली राजा ।

हा हा हर सेवा कन्दैव हर सेवा कन्दैव

सोही पाई हर सेवा ।

## झुमरा

१ हा हाई यारे होदय हर पर देस मारे हो
हे मारे सकैयाडा सिगार मैले सेवलको भुगैमा
हा. हाई मारे होदय हर पर देश मारे हो ।
२ हे मारे विराली की याँकुर भैले मभी लिव
हा रथु पापी समजय संतोषी माताहो
३ हे मारे पूर्वय वस्त्र प्रैही सेमी तारे
हा झिकु राजै हर पर देश मारे हो ।

## झुमरा

उ.हा.हा कालिनाग गरुडले लग्यो नगेनी भयो विलाप
च. हो. हे गरुडले वेगैर हान्यो कालि नाग वतारि लग्यो ।
वै. कालि नाग गरुडले लग्यो नगेनी भयो विलाप ।
उ.हा काली नाग मारीमा ल्यायो दरीशन
पाउ मेरी भाई
च. हे हे सुनैकी कागी यासु हामी फुलै ल्याउन गोलेनी
वै. हा फुल ल्याउन गोलेनी के सुन्यो मैलेनी ।

## दाता पुकारने विधि

१ हो रे हो . हमरया माता र पिता छोडी पर आयौ
तुमारय नावै सुनी आयौ
२ हो रे हो. हमारय आगन छोडी पर आयौ
तुमारय आगन सुहायो ।
३ हो रे हो. पुर्व र पश्चिम, उत्तर, दक्षिणा घुमी आगन नाचने
तुम र दाता पुकारन आयौ ।
४ हो रे हो. सुनै क्यारे साधर राजै रूप क्यारे दुकार

घर घर उघारने आयौ ।

५ हो रे हो. नाचन आयो भनि दुखय नमाने

तुमारय नावै चलाई जाउला ।

६ हो रे हो. मूल र बाज फुलिमा सक्यो केवरै को वासन

त्यसैमा र नावै सुनी आयौ ।

७ हो रे हो. तुम र दाता दियौ र भनि सिरय चढाउला

तुमारय जय जय मनाई जाउला

**होरकले विधि**

१ हो रे हो. तुमीलेज दियौ र दाना सुनै रूप केशर

नाव नाव हातय चधायौ ।

२ हो रे हो. तुमीलेज दियौ र दान ल्हातय चधायौ

हातय र कुमय चधायौ ।

३ हो रे हो. तुमीलेज दियौ र दान कुमय चधायौ

कुमय र सिरहय चधायौ ।

४ हो रे हो. तुमीलेज दियौ र दान सिरहय चधायौ

कुमय र सिरहय चधायौ ।

५ हो रे हो. गोरु र वाज भनिमा भनि गाई र चरेल छ

नाव नाव सिरय चधायौ ।

६ हो रे हो. गरुढ वाज भनिमा भनि हसतिय परेहछ

नाव नाव सिरय चधायौ ।

७ हो रे हो. ल्यासमय मा घटवा राजै काखयमा चेलुहवा

डिया वान्ट लाखय वरीस ।

८ हो रे हो. मधेश को कपुर राजै पर्वतै को तामा

धरै भण्डार भरीपूर्ण हवस ।

९ हो रे हो. गाई र भैसी मुहले राजै वारै जहित परे

जिया वान्ट लाखय वरीस ।

१० हो रे हो. पाथि मुरी रूपया राजै टुलोमा जोखी सुन

तैसो मार भरी पूर्णा हवस ।

११ हो रे हो. दुवो र नहि मुहले राजै वरै नहि तपरे

जिया वान्ट लाखय वरीस ।

१२ हो रे हो. मानो र सम्म अन्नमा राजै ढुगै सम्म देखेन

तेसो मार भरी पूर्णा हवस ।

१३ हो रे हो. दशै लाख रूपया राजै दशै लाख पुत्र

क्षिया वान्ट लाखय वरीस ।

१४ हो रे हो. फूल र वाज फुलिमा सक्यो केवरैको वासना

जोवान पापी रह्यो एकै वार ।

१५ हो रे हो. मरौलात साहेप राजै इन्द्र सात भरी

जियौलात आगे साल भेत ।

१६ हो रे हो. ढोपहरिज घलिमा सक्यो न्याहुल चरी करायो

अन लागौ घर तिर मास ।

**गोवरधन लिला खण्ड**

हा हो गोप्यानीले कात्तिकै सुनी पश्वै दिनमा गोवर धनको

पूजा गर्नु लायो

हा  हो नन्द उपनन्द गवाला वाला ले दूध र दही मेवा मिस्ता लिएरे

हा हो गोवर धनका जा गर्नुलायो ।

हा हो गोवर धनको च.भुजा दरीशन नन्द उपनन्द गोपालले देखायो ।

गोवरधनको पुजा गर्दा गोपै माथि रिसै गर्यौ इन्द्र राजाले ।

हा हो इन्द्र राजाले मेग लाई हुकुमै दियो

मुसल धारा पानी वर्साउनु ।

उ हा मुसल धारा पानी वर्सायो गोवालाको

गाई सवै दुवाउनु लाग्यो ।

च हा हो गोवैको वालीख गाईको वाच्छा

हे हे कउनाले हरि लयो ।

हा हा नकले वाच्छा वनैमा चरायो

वासुरि शब्दले कृष्ण ज्यू उनले

**रामायण खण्ड**

उ. हा हो राज ज्यू ले. चतुर भुजा दरीशन दिखायो

च. हा हा हो दशरथ महाराजैको कौशीला रानीले

च. भुजा दरीशन पायो

हा हो वैकुन्थ नाथ हरि भगवानले

हा हो च. भुजा देखाउनु भयो वाला लिला

हरि भगवान् ।

उ. हा हा भरतलाई देउन राजाई मेरो प्रभुज्यू भारत

च. हा. हा कौशीला र सुमित्र न गए वाहिर राम

ज्यू ल.लाई वनिवास ।

उ. हा.हा भारतलाई .....।

उ. हा हा मित्र वस्यो राम चन्द ल. ले देख्यो

लेख्यो वनवास ।

च. हा हा हातैमा लियो खरी पाति वावा दशरथले

लेख्यो वनिवास

कै. हा हा कैसे गरि विरिसौला दाजै अजुद्धेको नगरि कैसे गरि विरिसौला ।

उ. हा हा जाउ भाई ल. चौध वर्षको वनिवास ।

च. हा हा आमा सानी मारके कहिले लायो हो मलाई वनिवास

उ. हा हा वसो हो मारे माता पिता चौध वर्षमा फिरौला

च. हा हा रुदै रुदै सीता माई लाग्यो हो मारे वनिवास

उ. हा हा अघि लाग्यो राम चन्द्र पछि लाग्यो लछुमन

उ. हा. हा अजुद्धे नगरि छोडि पाचै दिनमा चित्र कोटमा

पुगीमा गयो सीता राम लक्षुमन

च. हा. हा सीता रामको डेरा वस्यो हे वालमीकि का आश्रमैमा ।

उ. हा हा सीता राम लक्षुमनको विन्द्रावन महलै

वन्यो पछि पछि भरतले खोज्दै गयो ।

च. हा हे हो पोखरीमा खनीमा खनि सीता राम लछुमनको महल वन्यो

उ. हा हो विन्द्रा वनैमा महलै वन्यो सीता राम लक्षुमनको

हा. हा हो हातै धनुकि काधैमा सीता राम पुग्यो राम डरी वार ।

**कष्ण चरित्र ख्याली**

उ. हा हे देवकीको कोखईमा वासै लियो हरिमा

च. हा हा हे भदौ महिना अष्तमी तिथी रोहयानी

नक्षेत्र वुधवार राति श्री कृष्ण जन्म भयो हा.

हो. चतुर्भुजा दर्शन बासुदेव देखायो ।

हा हा हो यो बेला मलाई झोकइमा हालि

गोकुल मै लाग्यो ।

च.हे हो. जमुना घात माथि माथि बढीमा आयो ।

कृष्ण ज्यू लिएर राति राति तरनु लायो ।

उ. राति राति तरनु लग्यो कृष्ण ज्यू लाई लिएर यशुदाका काखैमा बुझायो ।

उ. देवकीको काखैको वालिक कंश पापीले खोसेर लग्यो ।

च. हा हो हो पथरैमा अनिदा कंशै पापीको हातै र वाट

हा हा हो उमकि माग्यो आकशौ

मा अष्ट भुजा दर्शनी देखायो

हा हा हो कंश मारने पुरुष गोकुल मै जन्म भयो हो मारे ।

वै. योग मायाको वचन सुनी कंश पापीले सोगई गर्नु लग्यो ।

**रामायण ख्याली**

उ. हा. घाऊ सरणा हो रामको नावमा घाउ सरणा

च. हो वेलकी पाटिका हे शंखकी पुजा वेलकी

पारिमा हे शङ्खकी पुजा शीव शीव महादेव

तुम सरणा हो ।

वै. रामको नावैमा घाउ सरणा ।

**कृष्णचरित्र  ख्याली**

हा. हो रे जसुदाको नैमा कृष्ण ज्यूले

सुतायो वासुदेवलाई

च. वासु देवले जोग मायाले मथुरामा फिरायो

उ. हा हा रे विन्दी खानको बन्दमैले रोने शब्द

सुनायो बिन्दी खानको चौकीमा

उ. हा. बन्दी खानको राक्षेस जगाई गयो दुष्त

कंशले खवर सुन्यो रेवकी आठौं गर्भ

वालिख जनम्यो हो कंश राजा ।

च. हे हे उथ्यो कंश तरवारै लिएर हे देवकीको वालिख मार्नु ।

वै. हे छैटवा पुत्र मारी दियो कंश राजै यकु

मा कन्या मैले पाये कंश राजै कंशको

सरणामा विन्ती गरयो हो देवकीले

उ. हा. हा पुषकी महिना कृष्ण ज्यूले वस्त्र हर हर जमुनामा नुहायो ।

च. हे हे सोरसय गोलेनी वस्त्र खोली जमुनामा नुहायो

उ. हा.हा गोलेनी धली कृष्ण ज्यूले वस्त्र चोरी लग्यो गोलेनी नदेखी ।

उ. हा हा हो सोह्रसय गोलेनीको गहना कपडा

कौनाल चोरीमा लग्यो

च. हा हा हो सोह्रसय गोलेनीले नाङ्गै भएर

जमुनामा नुहाउनु लायो

हा हो कृष्ण विना कौनाले चोरीमा लग्यो

हा हो देखो सँगी हो कृष्ण ज्यूको वासुरी धुनी सुनायो

हा हो देखो सँगी हो कृष्ण ज्यूका उत्तङ्गे

उ. हा. हो हो वस्त्र चोरने मोहने कृष्ण ज्यू

रुदैमा विक्षमा गोलेनीले देख्यो ।

उ. हा वासुरी हो होइन र मेरो कुन्छा पो हो वरई बासुरी

च. हा हा फेडैमा काति टुपै फालि माझैको हो वरै वासुरी

वै हा. वासुरी हो होइन र मेरो कुन्छा पो हो वरई वासुरी

उ. हा हो यति रूप कि सुन्दरी वालै क्या कुछ

च. हे हे सिरै हेरौ मुकुत गलै हेरौ मसतिको हार हे

पावै हेरौ पदमको फुल

उ. हा. हो मलाई देवन नगेनी सिरैको मस्तीको फुल

च हे हे देखनमा सुन्दरी वालै वचैनको दर लाग्यो ।

उ. ह हो जव विरैला काली र नाग उमकन कहा पाउला

उ. हा चरिया मारुनु जाउ हो रानी वनैमा

च. हा. हा. वाया हातमा गुलिलिमा है दाया हातमा मतेङ्गरा

वै. हा. चरिया मारुनु जाउ हो रानी वनैमा ।

## कृष्णजन्म लिला खण्ड

उ.हा हा रे दुवापर युग्मा मथुरा सिंगासनका उग्रसेन

महाराजाको हारे पावन रेखा थिमो महारानीको

च. हा हा हे मथुराबाट विन्द्रावनमा पावन रेखासयुन गर्नु जाँदा मा

हा हे दुर्मती राक्षसले उग्रेसन राजाको छल रूप लिएर उहि रानी सँग

दृष्तको भोक विलास भएर

हा हो दुष्त कंश जन्म्यो तिनै लोक हिलायो ।

वै. हा हा रे दुष्टले जन्म लिदा दिनमै रात भरै

आकासको तारा खस्न लाग्यो हा रे अन्धकार

जगत भैर पृथ्वी थरहर भयो ।

## गौरी चरणा

उ. हा हो गौरी पुत्र मङ्गल गनेस विना हर देखो ईश्वर

च. हा हे ब्रह्मा विष्णा फुल नाथ महेशोर हे

हो दूर्गा देवी हो तेस्तिस कोती देवता

कोती कोती मातालाई सेवा छ ।

वै हा हो भक्ति रसले रास लिला कण्ठ सरन

मा लेव ईश्वरा

उ हा हा सेवा गरन सेवा गरन सत्यावती देवता

ल लाई सेवा गरन

उ. हे हे सूर्य मण्डल फूल तिपी हेर सँगी हो सत्यवती देवतालाई

ल हा हा सेवा गरन

उ हे हे केउरे सारि फूल तिपी हेर सँगी हो सत्यावती देवता

ल लाई सेवा गरन ।

उ हे हे मखमली फूल टिपी हेर सँगी हे सत्यावती देवतालाई

ल हा हा सेवा गरन

उ हे हे थोगें सारि फूल तिपि हेर सँगी हो सत्यावती देवतालाई

ल हा सेवा गरन ।

उ हे हे बारमासे फूल टिपी हेर सँगी हो सत्यावती देवतालाई ल् हा सेवा गरन ।

उ हे हे गरधौली फूल टिपी हेर सँगी हो सत्यावती देवतालाई

ल हा सेवा गरन

उ हे हे दोपहरि फुल टिपी हेर संगी हो सत्यावती देवतालाई

ल हा सेवा गरन सेवणरतन सत्यावती देवतालाई सेवा गरन्

**आशिक**

१ सिरै लाउने सिर्फूल राजै

२ सिरै लाउने सिन्दुर राजै

३ लिलै लाउने टिकिया राजै

४ आखै लाउने गाजलु राजै

५ नाखै लाउने नथिया राजै

६ मुखै लाउने लालीमा राजै

७ नाकै लाउने धोँग्री राजै

८ कुमै लाउने चोलिया राजै

९ कमर लाउने पटुकी राजै

१० गोर्ड लाउने पैइडारी राजै

११ पावै लाउने पावली राजै

उ हा हा सिरै लाउने सिन्दुर लाउछौकि भाउजु
लाईन देवर
ल हा हा लाइन देवर गहलेमा आउछ हामारे
पुरुष कोहिलेमा लाउछु सिरै सिन्दुर
उ हा हा लिलै लाउने टिकिया लाउछौकी भाउजु
लाइन देवर
ल हा हा लाईन देवर डाहलेमा आउछ हामोर
पुरुष वोहिलेमा लाउला लिलै टिकिया

मारुनी गीत सङ्कलन गर्ने क्रममा कारीकोट र छिस्दीका गुरु दानवहादुर दर्लामी मगर को पनि मारुनी गीत गाउनलाई १८ जनाको टोलीबाट गाइने र नाचिने भनेका थिए । टोलीमा निम्नानुसार गायक र मादले र पुर्सुङ्गे रहेका छन् ।

| क.स. | | मादले | मारुनी | गायक | पुर्सुङ्गे |
|---|---|---|---|---|---|
| १ | दानबहादुर दर्लामी मगर | गुरु | ✓ | ✓ | ✓ |
| २ | मोतिलाल घर्ति मगर | सहायक गुरु | ✓ | ✓ | ✓ |
| ३ | यमबहादुर घर्ति मगर | ✓ | | ✓ | |
| ४ | नोटबहादुर घर्ति मगर | ✓ | | ✓ | |
| ५ | ज्ञानबहादुर दर्लामी मगर | ✓ | | | |
| ६ | ढालबहादुर घर्ति मगर | ✓ | | ✓ | |
| ७ | विष्णुबहादुर घर्तिमगर | | ✓ | | |
| ८ | ओमबहादुर रेश्मी मगर | ✓ | | ✓ | |
| ९ | भक्तविर सिङ्जाली मगर | | | ✓ | |
| १० | शेरबहादुर सिङ | | ✓ | | |
| ११ | पुरनसिंह घर्ति मगर | | | ✓ | ✓ |
| १२ | राजकुमार सिङ्जाली मगर | | | ✓ | ✓ |
| १३ | टेकबहादुर गुरुङ | | | | ✓ |
| १४ | फर्सबहादुर रेश्मी मगर | | ✓ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | अङ्कबहादुर घर्तिमगर | ✓ | ✓ | ✓ | ✓ |
| १६ | महेन्द्र घर्तिमगर | | ✓ | | |
| १७ | ज्ञानबहादुर गाहामगर | | ✓ | | ✓ |
| १८ | मुक्तबहादुर घर्तिमगर | ✓ | | | |

छिस्दी ८ का मगरहरूको पनि खलुेवा ३ को गीतसँग सवै जसो मिल्दो छ । छिस्दीमा विशेष फुलवा मारुनी गीत र सोरठी मारुनी गीत गाइने गर्दछ ।

**सोरठी गीत :**

हा. हो पूरवै दिशाको मदौरे राजै ............... ६/७

हा.हो चारै वंशको जात राजै ....................... ६/७

हा. हो मदौरे राजैको लोक पाँच ................... ६/७

हा हो दक्षिण दिशाको जैसिङ्गे राजै ................ ६/७

हा हो पश्चिम दिशाको कछुवा राजै ....................... ६/७

हा हो चारै वंशको जात राजै ..................... ६/७

कुछुवै राजैको लोक पाँच ............................. ६/७

उत्तरै दिशाको जुमाली राजै ................................ ६/७

हा हो चारै वंशको जात राजै .......................... ६/७

हा हो जुमाली राजैको लोकपाँच .......................... ६/७

हा हो आइत पुग्यो मामैको देश .......................... ६/७

हा हो अघिमा चल्यो नौमति बाजा .......................... ६/७

हा हो उही र पछि दीयो कलश .......................... ६/७

हा हा कतिमा ल्यायौ मारी हे हस्तीमा गढवा

कतिमा लाख ल्यायौ राजै रजपुत्र ............. ३/४

हा हा दसैमा लाख ल्यायै मारी ए हसतीमा गढवा

बीसैमा लाख ल्यायौ राजै रजपुत्र ................. ३/४

हा हा कहाँ कहाँ व्यथल ए हस्तीमा गढवा

बगियै वैथल राजै रजपुत्र ................. ३/४

हा हा के के मा खान्छ हस्तीमा गढवा

के के मा खान्छ राजै रजपुत्र ................ ३/४

हा हा दानाज खान्छम् राजै हस्तीमा गढवा

भरीजन खान्छम् राजै रजपुत्र .............. ३/४

हा हा शिरै लाउने सिन्दुर हो .............. ४/६

हा हा देखल कि नहि राजै .............. ४/६

हा हा नही देखल हाइमती रानी ................ ४/६

हा हा लीलै लाउने टिकीया हो ................. ४/६

हा हा देखल कि नहि राजै .................... ४/६

हा हा नहि देखल हाइमती रानी .................. ४/६

हा हा आँखै लाउने गाजलु ................... ४/६

हा हा देखल कि नहि राजै ज्यू हो ................. ६/७

हा हा नहि देखला हाइमति रानी .................... ६/७

हा हा नाकै लाउने नथिया .................. ६/७

हा हा देखल कि नहि राजै ज्यू हो .................. ६/७

हा हा कानै लाउने सुनिया .............. ६/७

हा हा नहि देखल हाइमती रानी ................... ६/७

हा हा हातै लाउने चुरिया .................. ६/७

हा हा देखल कि नहि राजै .................. ६/७

हा हा नहि देखल हाइमति रानी .................. ६/७

हा हा शिरै लाउने सिन्दूर आफै राजाले दिनेछन् २

यिनै राजाको आश मलाई छैन जैजाउला माइतीको देश ४

हा हा लिलै लाउने टिकीया यिनै राजाले दिनेछन्  २

यिनै राजाको आश मलाई छैन जैजाउला माइतीको देश ४

आँखै लाउने गाजलु यिनै राजाले दिनेछन् ।

यिनै राजाको आशमलाई छैन चली जाउ माइतीको देश ४

हा हा नाकै लाउने नथिया यिनै राजाले दिनेछन् २

यिनै राजाको आश मलाई छैन चली जाऊ माइतीको देश ४

हा हा कानै लाउने सुनिया यिनै राजाले दिनेछन्  २

यिनै राजाको आश मलाई छैन चली जाउन माइतीको देश ४

हा हा हातै लाउने चुरिया यिनै राजाले दिनेछन्  २

यिनै राजाको आश मलाईं छैन चली जाउन माइतीको देश ४

ए मेरी राजै जैजाउला माइतीको देश

हा हा बाबा र आमाले दिएको गहना (यिनै राजाले बेचिखायो)

यिनै राजाको आश मलाई छैन

जैजाउला माइतीको देश ४

ए मेरी राजै जैजाउला माइतीको देश ४

बबा र आमाले दिएको गहना यिनै राजाले बेचिखायो

ए मेरी राजै जैजाउला माइतीको देश ४

## फुलवा मारुनी गीत

सुन्तौलीको डालीमा के चरी वस्यो, बोल्दैन ४

फ. बोलचरी वोल्दैन, आफ्नै मनको विरहले बोल्दैन ४

कागतीको डालीमा, के चरी बस्यो बोल्दैन ४

फ. बोलचरी बोल्दैन, आफ्नै मनको विरहले, बोल्दैन ४

सन्तौलीको गाँजैमुनि, खटिया विछ्याई दिउला, बस जोगीया ४

फ. बस जोगिया, बस जोगिया, आजेका दिनचार, बस जोगिया ४

कागतीको गाजैमुनि, खटिया, आजको दिनचार, बस जोगिया ४

शिरै लाउने सिन्दूर, राखी देउन आवैले ४

फ. हो हो पापी जोगीले, मोहनी लगायो, रामै राम ४

लीलै लाउने टिकीया, राखी देऊ आवैले ४

फ. हो हो, पापी जोगीले, मोहनी लगायो, रामै राम ४

आँखै लाउने गाजलु, राखी देउन आँवैले ४

फ. हो हो पापी जोगीले मोहनी लगायो, रामै राम ४

पूर्वैबाट राजाले चिठीया पठाउँ ४

फ. रानी धुरुरु, चिठीया बाची बाँची, रानी धुरुरु ४

उत्तरैबाट राजाले चिठिया पठाउँ ४

फ. रानी धुरुरु, चिठीया बाची बाँची, रानी धुरुरु ४

थोगेसरी फुलवा चुडीमा, चुडी हरिणैले खायो ४

कैसेगरी मारम्ला, सुवै हरिण ४

फ. भनुकी धनुकी छोठ भैया, लक्ष्मणले, धनुकी छोड ४

शिरै लाउने सिन्दुर भिकी मैले लाइन, सानी आमा ४

फ् सानी आमा, सानी आमा, वचनैले मारिसक्यो, सानी आमा ४

आँखै लाउने गाजलु, भिकी मैले लाइन, सानी आमा ४

फ. सानी आमा, सानी आमा, बचनैले मारिसक्यो,  सानी आमा ४

शिरै लाउने सिन्दुर लाउछ्यौकी भाउजु, नाही देवर ४

फ. लीलै लाउने टिकीया लाउछ्यौकी भाउजु, नाही देवर ४

फ. नाही देवर, नाहीदेवर, शिरैको स्वामी छैनन्, नाही देवर ४

घाम सुवाइला, लीलै लाउने टिकीया २

फ. हो हजुर हाइ रे, मुखै रस लायो पिरती २

घामै सुवाइला नाकै लाउने नथिया २

फ. हो हजुर हाइरे, मुखै रस लायो पिरती २

पूर्वै राजै, रानीसँग माया छुट्यो २

फ. आयो कलकत्तेर रानजै रानीसँग माया छुट्यो २

उत्तरै राजै, रानीसँग माया छुट्यो २

फ. आयो कलकत्तेर राजै रानीसँग माया छुट्यो २

थोगे सरी फूलवा, के यति मलिनो २

फ. के यति मलिनो, हो की राजै, गैगयो जोवान २

गुर्धौलीको फुलवा, के यति मलिनो २

फ. के यति मलिनो, हो की राजै, गैगयो जोवान २

हिज आउने मारुनलाई, के दिएर भुलाउने २

फ. शिर है लाउने सिन्दुर दिउँला, नरोए मारुनी २

कारीकोट क्षेत्रमा प्रचलित मारुनी गीत मगर, गुरुङ, कामी, सार्की, कुमाले जाति विशेषको गीत हो । यस परिच्छेदमा मारुनी गीतको वर्गीकरण, सङ्कलित मारुनी गीतको विश्लेषण गरिएको छ । विश्लेषण गर्ने क्रममा कारीकोट चण्डीभञ्ज्याङ्ग क्षेत्रको सामाजिक जिवन चित्रण मायाप्रेमको, चित्रण, आर्थिक जिवनको चित्रण, नारी तथा पुरुष जीवन, प्रकृति, सांस्कृतिक तथा धार्मिक जीवनको पनि चित्रण गरिएको छ ।

## ४.२ कारीकोट क्षेत्रमा प्रचलित मारुनी गीतको विश्लेषण

मारु शब्दको अर्थ दीपक वा राग हुन्छ, त्यसैले मारु रागमा गाउँदै, नाच्दै गर्ने स्त्री रूप धारण गर्ने पुरुषलाई मारुनी भनिएको हो । उक्त पात्र नाच्दा गाइने गीत नै मारुनी गीत हो । मारुनी असल चरित्र बोकेका महिलाहरूको स्वभावअनुसार लज्जालु स्वभावको अभिनय गर्न लगाई गीतको बोल तथा मादलको तालको आधारमा नृत्य गर्न लगाइन्छ । स्त्रीलिङ्गी प्रधान मारुनी शब्द संस्कृत भाषाको मारु शब्दमा नी प्रत्यय लागेर बनेको देखिन्छ । मारुनी लोकगीत परापूर्वकालदेखि विभिन्न लोक गाथामा आधारित भई पूस्तौं पूस्तादेखि हस्तान्तरण हुँदै आएको र आफ्नै मौलिक विशेषता झल्काउने नृत्य गीत भएकाले यसलाई लोक गीतमा नै लिइन्छ ।

कृष्ण चरित्र मारुनी लोक गीतको परम्परा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित भएको पुस्ता हस्तान्तरित गीत हो । यस गीतमा भगवान श्री राम चन्द्र जिका, श्री कृष्ण जी चरित्र गाथामा भगवानका चरित्रलाई मारुनीको अभिनय साथ नचाइन्छ । मारुनी गीतगाउँदा सुरुमा एक जोडी मादल हुनु अनिवार्य हुन्छ । यो गीत गाउँदा २२ जनाको टोली हुनै पर्ने हुन्छ । मारुनी गीत गाउँदा गीतको प्रकृति हेरी दुई देखि आठ दश पटक सम्म एउटै गीतलाई दोहोऱ्याउने गरिन्छ । मारुनी गीत अन्तर्गत चरित्रगीत, ख्यालीगीत सोरठी र झ्याउरे पर्दछन् ।

**मारुनी**

मारुनी गीत गाउँदा नृत्य गर्ने कम्तिमा दुई जनादेखि ४/६ जनासम्म पनि मारुनीका रूपमा पुरुषपात्रहरूलाई शृङ्गार गरी नृत्य गर्न लगाइन्छ । अन्य पात्रहरूको तुलनामा कम उमेरका पुरुषहरूलाई मारुनी बनाउने चलन हुन्छ । कतिपय गीतका कथावस्तुहरू प्रकृतिका वर्णन प्रेमप्रसङ्ग तथा मनोरञ्जन दिनका लागि सिर्जना गरिएका हुन्छन् ।[२०] मारुनी गीत गाउँदा कलाकारहरू वृत्ताकार रूपमा समूहमा घुम्दै मादलको तालको आधारमा उठ्दै, वस्दै, घुम्दै, उफ्दै, अघि-पछि गर्दै हाउभाउ सहित नृत्य गर्दछन् । सोरठी नाचको गीतभन्दा अन्य गीतलाई मारुनी गीत भन्ने गर्दछन् । यो गीत प्रदर्शन गर्ने क्रममा गीत गाउने गायकहरूले बसेर गीत गाउछन् भने मादले पुर्सुङ्गे र मारुनीहरू उठेर नृत्य गर्दछन् ।

**गुरुः** - यो मारुनी गीत गाउने प्रमुख व्यक्ति हो । यसले सेतो फेटा बाँधेर काखमा रहेको गुरुमादल बजाउँदै गुरुले मारुनी गीत र नृत्यलाई समेत क्रमिक रूपमा अन्तिम चरणमा पुऱ्याउछ ।

**मारुनी** :- सोरठी मारुनी गीतमा पुरुषले स्त्रीको पोशाक लगाई अभिनय गर्ने पात्र मारुनी हो । वर्तमान समयमा मारुनीमा स्त्रीहरू नै सक्रिय भएर मारुनीको भूमिका निर्वाह गर्ने गर्दछन् । मारुनी बन्ने कलाकारले नीलो पछ्यौरा, चौवन्दी चोलो र नैनसुतको सेतो पटुका दुईपट्टि फुर्का भएको कुर्कच्चासम्म जाने लामो घाँघर लगाई दुवै हातमा रुमाल लिएर छमछम पुर्सुङ्गेसँग नाँच्ने पात्र मारुनी हो मारुनी गीतको नामाकरण पनि मारुनी पात्रको आधारमै गरिएको हो ।

**पुर्सुङ्गे** :- मारुनी अथवा सोरठी गीतमा मारुनीसँग नाच्ने प्रमुख पात्र पुरुसिङ्गे हो ।

**ढँटुवारे** :- सोरठी नृत्यको बीच बीचमा हँसाउने पुरुषपात्र ढँटुवार पात्र हो ।

[२०] योगमाया गुरुङ- कारीकोट क्षेत्रमा प्रचलित ठूलोनाचको सङ्कलन वर्गीकरण र विश्लेषण - २०६५- अप्रकाशित शोध- पृ. ४१ ।

**मादले :-** मारुनी र पुर्सुङ्गेका आडमा उभिएर मादल बजाउँदै नाच्ने पात्रलाई मादले भनिन्छ ।

**गर्रा :-** सोरठी गीतका सहायोगी गायक र कार्यकर्तालाई गर्रा भनिन्छ । मारुनी गीतमा मादल र मजुरा बजाइन्छ ।

यस मारुनी गीतमा गान, वाद्य, नृत्य, हास्य कलाकार सहितको अवस्थामा गाइने गीत नै मारुनी गीत हो । यो गीतमा २२ वटा सम्म ताल बजाइन्छ र उक्त तालको आधारमा गीत गाउने गरिन्छ ।

**चरित्रगीत :-** मारुनी गीत अन्तर्गतको एक प्रचलित गीत चरित्रगीत हो । चरित्रगीत दुई प्रकारका कथा वस्तुमा आधारित छन् । श्रीरामको कथावस्तुमा र श्री कृष्णको कथावस्तुमा आधारित छन् । मारुनी गीत अन्तर्गतको चरित्रगीत मर्यादा पुरुष श्रीराम र कृष्णको चरित्रलाई आधार लिएर गीत सिर्जना गरिएको हून्छ ।

**कृष्णचरित्र :** कृष्णचरित्र गीतमा श्री कृष्णको जन्मनुपूर्वको अवस्था, कँशसँगको क्रियाकलाप गोपिनी र कृष्णको सम्बन्ध तथा कृष्णले गरेका विभिन्न क्रियाकलापहरूको वर्णनलाई गीतको माध्यमद्वारा वर्णन गर्दछन् । कृष्ण चरित्रमा नृत्य गर्ने मारुनी पुर्सुङ्गे तथा मादलेहरू मादलको तालअनुसार कहिले वसेर कहिले उभिएर त कहिले उफ्रदै घुम्दै नृत्य गर्दछन् ।

उ.हा हा रे दुवापर युग्मा मथुरा सिँगासनको उग्रसेन महाराजाको
हा रे :- पावन रेखा थियो महारानीको
हा हा हे मथुराबाट विन्द्रावनमा पावन रेखा सयुन गर्नु जाँदा
हा. हे दुर्मती राक्षसले उग्रसेन गदा राजाको छल रूप लिएर उहि रानी सँग दृष्टको भोक विलास भएर
हा हो :- दृष्त कँश जनम्यो तिनै लोक हिलायो
वैः- हा हा रे दृष्तले जन्म लिदा दिन मै रात भरै आकसको तारा खस्न लाग्यो
हा रे अन्धकार जगत भैर पृथ्वी थरहर भयो ।

**रामकथामा आधारित रामायणको रामचरित्र गीत**

रामायण गीत गाउन कथा, नाटक जस्ता विधालाई ठुलो स्रोत बनेको छ । यस गीतका पनि गुरुवाले थालनी गर्दै जान्छन् र अन्य कलाकारहरूले गीत दोहोऱ्याउदै जान्छन् । एउटै गीतलाई लामो समय सम्म दोहोऱ्याइन्छ ।[२१] यसमा मारुनी, पुर्सुङ्गे, मादलेहरू हाउभाउ सहित नृत्य प्रस्तुत गर्दछन् । मादलको ताल अनुसार उनीहरू अघि-पछि गर्दै उठ्दै-वस्दै नृत्य गर्दछन् । यसरी नृत्य प्रस्तुत गर्ने क्रममा राम कथामा आधारित राम चरित्रका गीतहरू ।

उ. हा. हो राम ज्यू र ल चतुर भुजा दरीशन रिखायो
च. हा. हा. हो दशरथ महाराजैको कौशिला रानीले
च. भूजा दरीशन पायो हा हो वैकुन्थ नाथ हरि भगवानले ।

**ख्यालीगीत**

युवा युवतीको सरल र सरस प्रेमपूर्ण अभिव्यक्तिलाई ख्याली (रोइला) भनिन्छ । यो भेरी, गण्डकी र लुम्विनी अञ्चलमा प्रचलित छ । यो गीतलाई मगर समुदायमा रोइला भनिन्छ । यो गुरुङ् समाजमा पनि प्रचलित छ । सोरठी  वा मारुनी नाचहरूको बीच-बीचमा नाँच्ने वा गाउने सम्पुर्ण मनोरञ्जन तथा आकर्षण बढाउनका लागि ख्याली गीत गाइन्छ । नाच्नेहरूको क्षमता अनुसार गीतको क्रम दोहोरिन्छ । ख्याली गीत, कृष्णचरित्र, रामचरित्र, सोरठी, जुनसुकै ख्याली हुन सक्छ । यो गीत नृत्यकर्मीहरूको चाहना अनुसार लम्याउन र छोट्याउन सकिन्छ । ख्याली गीत अन्तर्गत दगाहा गीत पनि पर्दछ । ख्याली गीतका केही नमुना

उ. हा. वासरी हो होइन र मेरो कुन्छा पो हो वरई वासुरी
च. हा हा फेडैमा काति टुपै कालि माझैको हो वरै वासुरी
वै. हा वासुरी हो होइन र मेरो कुन्छा पो हो वरइ वासुरि ।

[२१] ऐजन, पृ. ४३ ।

## सोरठी गीत

कारीकोट क्षेत्रका मगर समुदायले प्रदर्शन गर्ने ठुलोनाच अन्तर्गतका नाचमध्ये गाइने यो एक महत्त्वपूर्ण गीत हो । यहाँका मगर समुदायका मानिसहरूले सोरठीगीतलाई महत्त्वपूर्ण मारुनी गीतको रूपमा लिने गर्दछन् । सामान्य परिवेशमा कसैको आग्रह विना सोरठी गीत गाइदैन ।

सोरठी शब्दको शाब्दिक अर्थका सम्बन्धमा विभिन्न विद्वानहरूको आफ्नो आफ्नो मत देखिन्छ । नेपाली शब्दसागरमा यसको अर्थलाई यसरी लेखिएको छ । प्रायः सोह्रवरी नर्तकीहरूको सम्वेत. स्वरले गाइदै गरिने नृत्यलाई सोरठी भनिन्छ । सोरठीलाई परिभाषित गर्ने क्रममा डा. चुडामणि बन्धुले सोरठीनाचमा मारुनीको मुख्य भूमिका रहने हुनाले यसलाई मारुनी नाच पनि भनिन्छ ।[२२] यो सोरठी गीतलाई मारुनी गीत भनिन्छ । मारुनी, पुर्सुङ्गे र मादलेको नाच भएका गीत जति मारुनी गीत हो ।

## सोरठी गीत :

हा. हो पुरवै दिशाको मदौरे राजै ............... ६/७

हा.हो चारै वंशको जात राजै ...................... ६/७

हा. हो मदौरे राजैको लोक पाँच .................. ६/७

हा हो दक्षिण दिशाको जैसिङ्गे राजै ................ ६/७

हा हो पश्चिम दिशाको कछुवा राजै ...................... ६/७

हा हो चारै वंशको जात राजै ..................... ६/७

हा हो चारै वंशको जात राजै .......................... ६/७

हा हो जुमाली राजैको लोकपाँच .......................... ६/७

हा हो आइत पुग्यो मामैको देश .......................... ६/७

हा हो अघिमा चल्यो नौमति बाजा .......................... ६/७

हा हो उही र पछि दीयो कलश .......................... ६/७

हा हा कतिमा ल्यायौ मारी हे हस्तीमा गढवा

[२२] ऐजन पृ. ४४-४५ ।

कतिमा लाख ल्यायौ राजै रजपुत्र ............. ३/४

हा हा दसैमा लाख ल्यायै मारी ए हसतीमा गढवा

बीसैमा लाख ल्यायौ राजै रजपुत्र .................. ३/४

हा हा कहाँ कहाँ व्यथल ए हस्तीमा गढवा

बगियै वैथल राजै रजपुत्र ................. ३/४

हा हा के के मा खान्छ गढवा

के के मा खान्छ राजै रजपुत्र ................ ३/४

हा हा दानाज खान्छम् राजै हस्तीमा गढवा

भरीजन खान्छम् राजै रजपुत्र .............. ३/४

हा हा शिरै लाउने सिन्दुर हो .............. ४/६

हा हा देखल कि नहि राजै .............. ४/६

हा हा नही देखल हाइमती रानी ................ ४/६

हा हा लीलै लाउने टिकीया हो ................. ४/६

हा हा देखल कि नहि राजै .................... ४/६

हा हा नहि देखल हाइमती रानी .................. ४/६

हा हा आँखै लाउने गाजलु ................... ४/६

हा हा देखल कि नहि राजै ज्यू हो ................. ६/७

हा हा नहि देखला हाइमति रानी .................... ६/७

हा हा नाकै लाउने नथिया .................. ६/७

हा हा देखल कि नहि राजै ज्यू हो .................. ६/७

हा हा कानै लाउने सुनिया .............. ६/७

हा हा नहि देखल हाइमती रानी ................... ६/७

हा हा हातै लाउने चुरिया .................. ६/७

हा हा देखल कि नहि राजै .................. ६/७

हा हा नहि देखल हाइमति रानी ................. ६/७

हा हा शिरै लाउने सिन्दुर आफै राजाले दिनेछन् २

यिनै राजाको आश मलाई छैन जैजाउला माइतीको देश ४

हा हा लिलै लाउने टिकीया यिनै राजाले दिनेछन्  २
यिनै राजाको आश मलाई छैन जैजाउला माइतीको देश ४
हा हा नाकै लाउने नथिया यिनै राजाले दिनेछन् २
यिनै राजाको आश मलाई छैन चली जाऊ माइतीको देश ४
हा हा कानै लाउने सुनिया यिनै राजाले दिनेछन्  २
यिनै राजाको आश मलाई छैन चली जाउन माइतीको देश ४
हा हा हातै लाउने चुरिया यिनै राजाले दिनेछन्  २
यिनै राजाको आश मलाईं छैन चली जाउन माइतीको देश ४
ए मेरी राजै जैजाउला माइतीको देश
हा हा बाबा र आमाले दिएको गहना (यिनै राजाले बेचिखायो)
यिनै राजाको आश मलाई छैन
जैजाउला माइतीको देश ४
ए मेरी राजै जैजाउला माइतीको देश ४
बबा र आमाले दिएको गहना यिनै राजाले बेचिखायो
ए मेरी राजै जैजाउला माइतीको देश ४

## ४.३ कारीकोट चण्डीभञ्ज्याङ्ग क्षेत्रका मारुनी सङ्कलित गीतहरूको विश्लेषण

### सरस्वती बाँध्ने (देवी वाध्ने)

१ ठुलो नाचको सुरुमा गीत गाउनको लागि स्थानिय समस्त देवीदेवतालाई आह्वान गर्ने र अबवाट हामी गीत गाउँदैछौ, यस  गायन कार्यमा सम्पूर्ण देवीदेवता बाट रक्षा होस् भनी मङ्गलाचरणको रूपमा गाइने गीतलाई सरस्वती बाँध्ने (देवि बाँध्ने) भनिन्छ । सरस्वती बाँध्ने क्रममा गीत गाउने गुरुवाले स्थानिय तथा देश विदेशको देवीदेवता साथै आकास, पाताल, दशै दिशा सम्झिएर गीत निकाल्ने र अरु सहयोगीहरूले मादलको तालमा मारुनी पुर्सुङ्गेहरू नृत्यगरी देवी बाँध्ने गर्दछन् । यो देवी बाध्ने गीत ठाउँअनुसार फरक फरक हुन सक्छ । देवी बाँध्दा गाउने गीतको नमुना यस प्रकार रहेको छ ।

२ हे हे पहिलाये समैजला धरती र माता

हा. धरती र माताले देव रक्षा पाउ

३ हे हे जता देवसय समैजला लोहालानि अवैला

हा. पावय हिन्दा पावटा हिन्दा देव रक्षा पाउ

४ हे हे गावै क्यारे समैजला देवी र देउता

हा नाचैला रैको देवी नाचैला देवी र देवता

५ हे हे गाव क्यारे समैजला सीम्यार भुम्या

हा सीम्यार भुम्याले देव रक्षा पाउ

६ हे हे गाव क्यारे समैजला सीद्धा र देवता

हा सीद्धा र देवताले देव रक्षा पाउ

७ हे हे गाव क्योर समैजला चण्डी र माता ले

हा सीद्धा र देवताले देव रक्षा पाउ

८ हे हे गाव क्योर समैजला चण्डी र माताले

हा चण्डी र माताले देव रक्षा पाउ

९ हे हे मौला थान समैजला वाल कन्या देवीले

हा वालकन्या देवीले देव रक्षा पाउ

१० हे हे मनुनये समैजला भैरव देवताले

हा भैरव देवताले देव रक्षा पाउ

११ हे हे वहिक्यारे समैजला कालिका देवीले

हा कालिका देवीले देव रक्षा पाउ

१२ हे हे प्युघाये समैजला कालिका देवीले

हा कालिका देवीले देव रक्षा पाउ ।

१३ हे हे किपतये समैजला नैना र देवताले

हा नैनार देवताले देव रक्षा पाउ

१४ हे हे कोल डाडा समैजला कालिका देवताले

हा कालिका देवताले देव रक्षा पाउ

१५ हे हे सेउर डाडा समैजला सिला चक्र देवताले

हा सिला चक्र देवताले देव रक्षा पाउ ।

१६ हे हे टुङकोतये समैजला भुयार देवताले

हा भुयार देवताले देव रक्षा पाउ ।

१७ हे हे छापडाडा समैजला कालिका देवताले

हा कालिका देवताले देव रक्षा पाउ

१८ हे हे लसर्घाये समैजला आलम देवताले

हा आलम देवलाले देव रक्षा पाउ

१९ हे हे वहि क्यारे समैजला देउराली माताले

हा देउराली माताले देव रक्षा पाउ

२० हे हे रेडि घाट समैजला रेषीशोर देवताले

हा रेषीशोर देवताले देव रक्षा पाउ

२१ हे हे अर्धाय समैजला आलम द्वताले

हा आलम देवताले देव रक्षा पाउ

२२ हे हे पाल्पाये समैझला भैरम देवताले

हा भैरम देवताले देव रक्षा पाउ

२३ हा हा. तानसेनये समैजला भगवती देवताले

हा भगवती देवताले रक्षा पाउ

२४ हे हे सतुङ्गये समैजला चण्डि र माताले

हा चण्डि र माताले देव रक्षा पाउ

२५ हे हे ल्हाम्पेकय समैजला थानपति देवताले

हा थानपति देवताले देव रक्षा पाउ

२६ हे हे वलँग्घाय समैजला क्षेत्रमा पति देवताले

हा क्षेत्रमा पति देवताले देव रक्षा पाउ

२७ हे हे प्रभासय समैजला वँशको वाला देवताले

हा वँशको वालाले देव रक्षा पाउ

२८ हे हे गोरखाये समैजला रैना र देवीले

हा रैना र देवीले देव रक्षा पाउ

२९ हे हे गोरखाये समैजला गोरखानाथ देवताले

हा गोरखानाथ देवताले देव रक्षा पाउ

३० हे हे कछारये समैजला सत्यावति देवताले

हा सत्यावति देवताले देव रक्षा पाउ

३१ हे हे कासिय समैजला विषयशोर देवताले

हा विषयाशोर र देवताले देव रक्षा पाउ

३२ हे हे नेपालय समैजला पशुपतिनाथले

हा पशुपति नाथले देव रक्षा पाउ

३३ हे हे वहिक्यारे समैजला गुज्याशोर देवताले

हा गुज्याशोर देवताले देव रक्षा पाउ

३४ हे हे वहिक्यारे समैजला निलाकण्ठ देवताले

हा निलाकण्ठ देवताले देव रक्षा पाउ ।

मारुनी गीतको सुरुको र अन्त्य महत्त्वपूर्ण कार्य देवी बाँध्ने कार्य हो । देवी बाँध्नुको अर्थ अङ्गला चरण गर्नु हो । यहाँ आफ्नो स्थानीय देखी लिएर आकाश, पाताल, पूर्व पश्चिम, उत्तर, दक्षिण सवैतिरका देवीदेवतालाई रक्षा गर भनि प्रार्थना गरिएको छ ।[२३] स्थानीय देवी देवतालाई सम्भिmए पछि रिडीका ऋषेश्वर, पाल्पाका भैरव, भगवती गोखुङ्गाकी रैनादेवी, पशुपती, गुह्येश्वरी, बुढानिलकण्ठ, गोरखनाथ लगायत पृथ्वीका सम्पूर्ण देवी देवता सम्भिmन्छन् । त्यसपछि आकाशका सम्पूर्ण देवी देवता पातालका सम्पूर्ण देवी देवतासँग प्रार्थना गरेर ढिलो लयमा सम्पूर्ण नृत्य टोलीका मारुनी, पुर्सुङ्गे र मादलेहरू घुम्दै गीत र मादलको तालमा नृत्य गर्दछन् । यो प्रक्रिया पूरा गरी भएपछि उनीहरूले ख्याली गीतबाट मनोरञ्जन प्रदान गर्दछन् । ख्यालीगीत प्रस्तुत गरेपछि आफूले सम्झेका देवीदेवताहरूलाई पुर्सुङ्गे मारुनीमा उतार्ने गरिन्छ । यस समयमा विना गीतको ताल बजाएर ताल अनुसार हल्लिने गर्दछन् । यसरी झाँक बस्ने वा हल्लिने व्यक्तिलाई देवी उत्रेको मानिन्छ । सवैमा यस्तो हुँदैन । केही व्यक्तिहरूले मात्र शरीर हल्लाउने गर्दछन् । दर्शकहरूलाई उनीहरूले खैला वैला बनाउँछन् । यस समयमा गुरु मादल बजाइन्छ । हल्लिनेहरू त्यहि मादलको वरिपरि हल्लिन्छन् । जव मादलेले मादल बजाउन छाड्छ, त्यसपछि उसले ढाप मार्दै छोड "स्यावास" भन्दै हल्लिन बन्द गराउने प्रयास गर्दछ । कोही कोहीलाई हल्लिनबाट रोक्न ३/४ पटक सम्म मादलको ताल दोहोऱ्याइनु पर्दछ । हल्लिनबाट रोकिएको अवस्थालाई

[२३] ऐजन पृ. ५२ ।

उनीहरू देवी खुसि भएको सम्भने गर्दछन् । सरस्वती बाँध्ने वर्षमा केवल एक पटक मात्र गरिन्छ ।

पहिले गीत गाउने क्रममा हे सरस्वती माता तिम्रै शरणमा छु । हजुरको कृपा होस् भनी सरस्वतीमाता, धरतीमाता सँग विनम्र पूर्वक प्रार्थनाको रूपमा गीतले सूरुवात लिन्छ । त्यसपछि सम्पूर्ण स्थानिय देवीदेवतालाई सम्भने अनि नजिकका जिल्ला त्यसपछि सम्पूर्ण धाममा रहने देवीदेवता सम्भने गरिन्छ । त्यसपछि नृत्यको टोलीको मारुनी, पुसुङ्गे, मादले तथा अन्य सम्पूर्ण दिदीवहिनीहरू सम्पूर्णलाई देओ रछेवा भन्दै घुम्दै विस्तारै नृत्य गर्ने गर्दछन् । यो गीत कारीकोट चण्डिभञ्ज्याङको खलुवामा बढी प्रथलित गीत हो ।

४६ हे हे पूर्वय समैजला सूर्य ज्यूको छायाले
हा सूर्य ज्यु को छायाले देव रक्षा पाउ
४७ हे हे आकसय समैजला नवै लाख ताराले
हा नवै लाख ताराले देव रक्षा पाउ
४८ हे हे पतालय समैजला वासुकि नागले
हा वासुकि नागले देव रक्षा पाउ
४९ हे हे पूर्वय समैजला हरर्वली देवताले
हा हरर्वली देवताले देव रक्षा पाउ
५० हे हे पश्चिम समैजला निरमली देवताले
हा निरमली देवताले देव रक्षा पाउ
५१ हे हे उत्तरय समैजला अन्नपूर्ण देवताले
हा अन्नपूर्ण देवताले देव रक्षा पाउ
५२ हे हे दक्षिणाय समैजला हेष्टीकोती देवताले
हा टेष्टी कोती देवताले देव रक्षा पाउ
५३ हे हे पूर्व वाधौ पश्चिम बाँधौं बाँधौं चारै सुर
हा बाधैला हेर संगी बाँधौंला हेर सँगी वीर हनुमान

५४ हे हे उत्तर बाँधौं दक्षिण बाँधौं बाँधौं चारै सुर बाँधौं र हेर सँगी
५५ हे हे आकाश बाधौं पताल बाधौं बाधौं चारै सुर बाधैला हेर सँङ्गी
५६ हे हे मादल बाँधौं भ्याली बाँधौं बाँधौं चारै सुर बाँधौंला हेर सँगी

५७ हे हे नाचौ बाँधौं गैर बाँधौं बाँधौं चारै सुर

बाँधौंला हेर सँगी बाँधौंला हेर सँगी वीर हनुमान

यहाँ विभिन्न आकाशका दशै दिशामा रहने र पातालका देवीदेवता, मादल, भ्याली र वीरहनुमानलाई समेत बन्दना गरेर टुङ्ग्याउने क्रममा कतिपयलाई झाँक आउछ हल्लदै नाच्दै गरेको अवस्थालाई झाँक आएको मानिन्छ । यसरी क्रममा कोई दुई हात जोड्दछन् मुठिपार्छन अनि उफ्दै हल्लिदै तथा बस्दै हल्लिदै गर्दछन् । हल्लिनेहरू मादलको तालमा मादलकै वरिपरि घुम्दछन् । यस समयमा गुरुमादल बजाइन्छ । मादलले मादल बजाउन छाडेपछि उसले ढाप मार्दै छोड "स्यावास" भन्दै हल्लिन बन्द गराउने प्रयास गरिन्छ । कोही कोही हल्लिन बाट रोक्न ४-५ पटक सम्म मादलको ताल दोहोऱ्याउनु पर्दछ । हल्लिनबाट रोकिएपछि मात्र बल्ल अन्य ठुलोनाच, ख्याली, झुमरा, होरकने विधि, दातापुकारने, गोवरधन लिलाखण्ड, रामायणखण्ड, कृष्णजन्म लिला खण्ड, गौरी चरणा जस्ता गीत गाउँन र नाच्न अनुमति पाएको सम्झिन्छन् । एकपल्ट सरस्वती पुकारेपछि वर्षभरि लाई पुग्दछ । वर्षभरि लाई एकपल्ट सरस्वती बाँधेपछि पुनः वार वार यो प्रक्रिया दोहोऱ्याउन पर्दैन । त्यो वर्षभरि पुकारिएका देवी देवताहरूबाट आर्शिर्वाद मिल्ने विश्वास रहेको छ ।

**ख्याली**

लोकगीत अन्तर्गत पर्ने यो ख्याली मारुनीगीत, सोरठी, ठुलो नाचनाच्दा बिच बिचमा बढी मनोरञ्जन ल्याउन र दर्शक आयोजकलाई आकर्षण गर्नको लागि यो सरस्वती बाँध्दा देखि अन्त्यसम्म ठाडो भाकामा गाइने गीत हो । यो गीत सुरुमा ढिलो र पछि क्रमश छिटो पार्दै लगिन्छ । ख्याली गीत गाउँदा प्रायः सबैजसो कलाकारलाई नाच्न लगाइन्छ । नाच्ने कलाकार मादलको ताल र गीतअनुसार उफ्री-उफ्री नाच्दछन् । ख्याली गीत गाउँदा गीत, मादले, मारुनी, पुर्सुङ्गे, सुरुदेखि अन्त्यसम्म मादलकै तालमा गाउँने र नाच्ने गर्दछन् । यो गाउँदा सुरुदेखी अन्त्यसम्म मादलकै तालमा गाउँने र नाच्ने गर्दछन् । ख्याली गीत-एउटा सुररुदेखि अन्त्यसम्म गाउँने नृत्यगर्ने हुन्छ भने अर्को ठुलोनाच प्रदर्शनका क्रममा बिचबिचमा गाउँन र नृत्य गर्ने ख्याली गीत हुन्छ । ख्याली गीतलाई मारुनी तथा अन्य नाच्नेहरूको चाहना अनुसार लम्व्याउने र छोट्याउने गरिन्छ । दगाहा गीत ख्यालीगीत अन्तर्गत पर्दछ । यसमा नाच्ने र गाउने सँगसँगै हुन्छन् ।

ख्याली गीत जुनसुकै विषयलाई टिपेर पनि गाउन सकिन्छ । यो कृष्ण चरित्र, रामचरित्र, ठट्यौली खालका प्रेम सम्बन्धित प्रायः सवै विषयबाट यो गीतको सिर्जना गरिएको छ । भगवान श्री कृष्णको भदौ महिनाको अष्टमीको रात्री समयमा कारागारमा जन्म भएको र बसुदेव र देवकीलाई शङ्ख, चक्र, गदा, पद्म धारी भगवानको दर्शन मिलेको प्रसङ्ग रहेको छ । बसुदेवले श्री कृष्णलाई जमुना पारी लगेको यशोदाकोमा लगी छोडेर त्यहाँबाट यशोदाको छोरी ल्याउनुभएको छ । कंशलाई माथिबाट आकाशवाणी भएको छ । हा.हा.हो कंश मारने पुरुष गोकुल मै जन्म भयो हो मारे ।

वै. योग मायाको वचन सुनी कंश र पापीले सोगइ गर्नु लाग्यो । कंश आत्तिएको र छट्पटीएको जस्ता प्रसङ्ग कृष्ण चरित्रमा आएको छ । कृष्ण ठुलो भएपछि गोपिनीहरूले नुहाउदा कपडा लुकाएका छन् । गोपिनीहरूलाई पानीबाट बाहिर नाङ्गै आउन लगाएर वरुण र सूर्यसँग क्षमा माग्न लगाइएको छ ।

व. हा वासुरी हो होइन र मेरो कुन्छा पो हो वरई वासुरी
व.हा.हा फेडैमा काति टुपै फालि माफ्कैको हो वरई वासुरी .....।

मारुनी गीत गाउँदा बिच बिचमा रमाइलो पार्नको लागि ख्याली गीत गाउँने गरिन्छ । रामायणको कथावस्तुमा आधार मानेर रामायण खण्ड (ख्याली गीत) रचना गरिएको छ । श्री रामचन्द्रको वाल्यावस्था देखि वनगमन, सीताहरण, चित्रकुटको वर्ण : वृन्दावनमा सीता, राम, लक्ष्मणले महल बनाएको जस्ता प्रसङ्गलाई आधार मानेर रामायण लिला खण्ड -ख्याली) गीतको सृजना गरिएको छ । सोरठी, मारुनी तथा अन्य लोक गीत गाउँदा नाच्ने वा गाउने सम्पूर्ण टोलीलाई सक्रिय बनाउने तथा मनोरञ्जन थप आकर्षण पढाउनका लागि ख्याली गीत प्रस्तुत गरिन्छ ।

ख्याली गीतलाई मगरहरूको चुट्के गीतका रूपमा लिने गर्दछन् ।

ख्याली गीतमा बजाईने तालहरू यस प्रकार रहेका छन्

६ ताङ्की धिन्ताङ् (२/२)
७ छाँउ, छाँउ, छाँउ, छाँउ (२/२)
८ छाँउ, फट, फट, टाउँ (२/२)

९ ताङ्, किता, धिन्ताङ (२/२)

१० घिन ताङ्, नक जाँउ (२/२)

**सरस्वती पुकारे पछि अनिवार्य रूपमा गाइने झुमरा गीत**

यो गीत सरस्वती पुकारे पछि गाउनै पर्ने हुन्छ। यो गीतको लय जाने पनि न जाने पनि अनिवार्य रूपमा गाउँनै पर्छ र सरस्वती पुकारेपछि यो गीत पुरा भएको बुझिन्छ। यस गीतमा पनि मारुनी पुर्सुङ्गे, मादले कै नाच चल्दछ।

**झुमरा**

यो गीत पनि ख्याली जस्तै हुन्छ। दर्शकलाई आकर्षक र बढी रोमाञ्चक बनाउन यो गीत गाइन्छ। यो गीत गाउँदा बाह्य व्यक्तिहरूपनि उफ्रि उफ्रि नाच्ने गर्दछन्। यो गीत पनि दर्शकको इच्छा अनुसार र नाच्नेहरूको इच्छा अनुसार विच विचमा गाइने चुट्के गीत हो।

**दाता पुकारने विधि**

यो गीत विशेष व्यक्तिहरूको घरमा आयोजना गर्दा गाइने गीत हो। अझ बढी मात्रामा यो गीत घर बनाउदा, पहिलो बच्चा छोरो भएमा, लाहुरे आएको बेलामा, विशेष दिन पारेर गाइने गीत हो। यसमा मारुनी, पुर्सुङ्गे, मादले नाच्ने गर्दछन्। यो गीत गाउँदा अनिवार्यरूपमा २२ जनाको टोली भएर गाइने गीतलाई दाता पुकारने विधि भनिन्छ। दाता पुकार्दा गाउँने गीतको नमुना यस प्रकार रहेको छ।

हो र हो . हमरया माता र पिता छोडी पर आयौ
तुमारय नावै सुनी आयौ
हो रे हो. हमारय आगन छोडी पर आयौ
तुमारय आगन सुहायो।
हो र हो. पूर्व र पश्चिम उत्तर दक्षिणा घुनी आगन नाचने
तुम र दाता पुकारन आयौ।
हो रे हो. सुनै क्यारे साधर राजै रूप क्यारे दुकार

घर घर उघारने आयौ ।

हो रे् हो. नाचनेत्र आयो भनि दुखय नमाने

तुमारय नावै चलाई जाउला ।

हो रे हो. मूल र बाज फुलिमा सक्यो केवरै को वासन

तौसोमा र नावै सुनी आयौ ।

हो रे हो. तुम र दाता दियौ र भनि सिरय चढाउला

तुमारय जय जय मनाई जाउला

**होरकने विधि**

चाडपर्व वा व्यक्ति विशेषको घरमा दाता पुकार गर्दा अनिवार्य रूपमा गाइने तथा नृत्यसहितको गीतलाई होरकने विधि गीत भनिन्छ । यसमा मारुनी पुर्सुङ्गे, मादलेको नृत्य हुन्छ भने ताल गीतले मागे अनुसार बजाइन्छ । यो पनि मारुनी गीत भनेर बढीमात्रामा गाइने गीत हो । होरकने विधिको केही नमुना यस प्रकार रहेको छ ।

हो रे हो तुमीलेज दियौ र दाना सुनै रूप केशर

नाव नाव हातय चधायौ ।

हो रे हो तुमीलेज दियौ र दान ल्हातय चधायौ

हातय र कुमय चधायौ ।

हो रे हो तुमीलेज दियौ र दान कुमथ चधायौ

कुमय र सिरहय चधायौ ।

हो रे हो तुमीलेज दियौ र दान सिरहय चधायौ

कुमय र सिरहय चधायौ ।

हो रे हो गोरु र वाज भनिमा भनि गाई र चरेल छ

नाव नाव सिरय चधायौ ।

हो रे हो गरुढ वाज भनिमा भनि हसतिय परेहछ

नाव नाव सिरय चधायौ ।

हो रे हो ल्यासमय मा घटवा राजै काखयमा चेलुहवा

डिया वान्ट लाखय वरीस ।

हो रे हो मधेश को कपुर राजै पर्वतै को तामा

घरै भण्डार भरीपूर्ण हवस ।
हो रे हो गाई र भैसी मुहले राजै वारै जहित परे
जिया वान्ट लाखय वरीस ।
हो रे हो पाथि मुरी रूपया राजै टुलोमा जोखी सुन
तैसो मार भरी पूर्णा हवस ।
हो रे हो दुवो र नहि मुहले राजै वरै नहि तपरे
जिया वान्ट लाखय वरीस ।
हो रे हो मानो र सम्म अन्नमा राजै ढुगै सम्म देखेन
तेसो मार भरी पूर्णा हवस ।
हो रे हो दशै लाख रूपया राजै दशै लाख पुत्र
क्षिया वान्ट लाखय वरीस ।
हो रे हो फूल र वाज फुलिमा सक्यो केषरैको वासना
जोवान पापी रह्यो एकै वार ।
हो रे हो मरौलात साहेप राजै इन्द्र सात भरी
जियौलात आगे साल भेत ।
हो रे हो ढोपहरिज घलिमा सक्यो न्याहुल चरी करायो
अन लागौ घर तिर मास ।

## गोवरधन लिला

यो गीत तिहारे औंशीमा अनिवार्य रूपमा गाइने गीत हो । यो गीतलाई अरुबेला श्रोताहरूलाई रमाइलो पार्ने र जुनसुकै बेलामा पनि गाउन सकिने गीत नै गोवरधन लिला खण्ड गीत भनिन्छ । यसमा मारुनी, पुर्सुङ्गे, र मादले नचाइन्छ । यसगीतले मागे अनुसार र समयानुसार यसमा थपिएका गीतअनुसार ताल बनाइन्छ ।

गोवरधन लिला खण्डगीतमा कृष्णले गरेको कार्य र कृष्णको परीक्षा लिन इन्द्रले समेत चेत पाएका छन् । श्री कृष्णले देवता इन्द्रको पूजा नगरेर प्रकृतिको पुजा गर्न लगाएका छन् । त्यसपछि इन्द्रले मुसलधारे पानी पारेर गोवरधन पर्वत डुवायो की भनी हेर्दा गोवरधन पर्वतलाई श्रीकृष्णले एक औंलाले उठाउँनु भएको छ । इन्द्रले भगवान श्रीकृष्णलाई चिनेपछि विन्ति गरी म बाट गल्ति भयो क्षमा दिनुहवस् भन्ने प्रसङ्ग रहेको छ । त्यसैगरी ब्रह्माजीले

गाई चोरी लग्दा ब्रह्मालाई समेत फेल खुवाएर आफ्ना हराएका गाई र ग्वालाहरू समेत सृष्टि गर्नु भएको छ । त्यसपछि ब्रह्माजीले पनि माफिमानु भएको प्रसङ्गको विषयलाई गोवरधन लीला खण्डमा मारुनीको रूपमा गाउने गरिन्छ । गोपीनीहरूसँग गोवरधन पर्वतमा गर्नुभएको चरित्रको सम्पूर्ण वर्णन यस गोवरधन लिला खण्डमा मारुनी गीतको रूपमा गाउने गरिन्छ । यो गीत, रामायण, श्री कृष्ण चरित्र, गोवर्धन लिला खण्ड सोरठी जस्ता गीतहरूमा, गोवरधन लिलाखण्ड, रामायण जस्ता गीतमा गाउने गरिन्छ । तिहारे औशीमा अनिवार्य रूपमा गाइन्छ । तिहारे औँशीमा अनिवार्य रूपमा गाइन्छ । यस गीतमा पनि मारुनी, पुर्सुङ्गे मादलेहरूलाई नचाइन्छ । गोवरधन लिला खण्डको गीतको नमुना यस प्रकार रहेको छ ।

हा हो गोप्यानीले कात्तिकै सुनी पश्वै दिनमा गोवर धनको
पुजा गर्नु लायो ।

हा हो हो नन्द उपनन्द गवाला वाला ले दुध र
दही मेवा मिस्ता लिएर हा हो गोवर धनको पूजा गर्नुलायो ।

हा हो गोवर धनको च.भुजा दरीशन नन्द उपनन्द गोपालले देखायो ।

गोवरधनको पुजा गर्दा गोपै माथि रिसै गर्यौ
इन्द्र राजाले ।

हा हो इन्द्र राजाले मेग लाई हुकुमै दियो
मुसल धारा पानी वर्साउनु ।

उ हा मुसल धारा पानी वर्सायो गोवालाको
गाई सवै दुवाउनु लाग्यो ।
च हे हो गोवैको वालीख गाईको वाच्छा हे हे
काउनाले हरि लयो ।

हा हा नकले वाच्छा वनैमा चरायो
वासुरि शब्दले कृष्ण ज्यू उनले

**रामायण लिला खण्ड**

यो गीत रामायणलाई आधार श्रोत बनाएर गाइने र रामायणको सार वुझिने खालको गीत हो । गोवरधन लिलाखण्ड गीत गाएपछि यो गीत गाइन्छ । भगवान रामचन्द्रको वाल्यावस्था देखि लिएर वनगमन, रावणद्वारा सीतावस्था कैकेइद्वारा चौधवर्ष वनबासको दशरथसँग वर मागिनु, वनप्रस्थान गर्नु, चित्रकुटको वर्णन, वृन्दावनमा सीताराम र लक्ष्मणले महलवनाएको जस्ता प्रसङ्गलाई लिएर यो गीत गाइन्छ । यस गीतमा पनि मारुनी, पुर्सुङ्गे मादलेलाई नचाइन्छ । रामायण गीतका केही उदाहरणहरू यस प्राकार रहेका छन् ।

उ. हा हो राज ज्यू र ल. चतुर भुजा दरीशन दिखायो
च. हा हा हो दशरथ महाराजैको कौशीला रानीले
च. भुजा दरीशन पायो हा हो वैकुन्थ नाथ
हरि भगवानले
हा हो च. भुजा देखाउनु भयो वाला लिला
हरि भगवान् ।
उ. हा हा भरतलाई देउन राजाई मेरो प्रभुज्यु भारत
च. हा. हा कौशीला र सुमित्र न गए वाहिर राम
ज्यू ल.लाई वनिवास ।
उ. हा.हा भरतलाई .....।
उ. हा हा मित्र वस्यो राम चन्द ल. ले देख्यो
लेख्यो वनवास ।
च. हे हे हातैमा लियो खरी पाति वााव दशरथले
लेख्यो वनिवास
कै. हा हा कैसे गरि विरिसौला दाजै अजुद्धेको नगरि केसे गरि विरिसौला ।
उ. हहा हो जाउ भाई ल. चौध वर्षको वनिवास ।
च. हे हो आमा सानी मारके कहिले लायो हो मलाई वनिवास

उ. हा हो वसो हो मारे माता पिता चौध वर्षमा फिरौला

च. हे हे रुदै रुदै सीता माई लाग्यो हो मारे वनिवास

उ. हा हो अधि लाग्यो राम चन्द्र पछि लाग्यो लछुमन

उ. हा. हा अजुद्धे नगरि छोडि पाँचै दिनमा चित्र कोटमा

पुगीमा गयो सीता राम लक्षुमन

च. हे. हे सीता रामको डेरा वस्यो हे वालमुकि का आश्रमैमा ।

उ. हा हा सीता राम लक्षुमनको विन्द्रावन महलै

वन्यो पछि पछि भरतले खोज्दै गयो ।

च. हा हे हो पोखरीमा खनीमा खनि सीता राम लछुमनको महल वन्यो

उ. हा हो । विन्द्रा वनैमा महलै वन्यो सीता राम लक्षुमनको

हा. हा हो हातै धनुकि काधैमा सीता राम पुग्यो राम डरी वार ।

## कृष्ण जन्म लिला खण्ड

हिन्दुधर्मावलम्वीहरूका आराध्य श्रीकृष्णलाई उनको स्मरण मात्रले मात्र पनि मुक्ति मिल्छ भन्ने ठुलो जनविश्वास रहेको पईन्छ । श्रीकृष्णको स्मरण, कीर्तन, कथा श्रवण र लीला अभिनयका माध्यमबाट मुक्ति प्राप्त गरिन्छ भन्ने धार्मिक विश्वासले निकै व्यापकता लिइएको छ । यस्तै धार्मिक विश्वासबाट श्रीकृष्ण लीला प्रदर्शन गर्ने गरिएको पाइन्छ । ब्राह्मण क्षेत्रीहरूको समाजमा श्रीकृष्ण वालनका रूपमा तराईका विभिन्न जातिहरूमा माननाच, कीर्तनीय नाच, पारिजातनाच, कृष्णलीला र नौटङ्कीका रूपमा गुरुङ् तथा मगर समाजमा मारुनी चरित्र नाच वा नचरीका रूपमा श्रीकृष्ण लीला प्रस्तुत गर्ने प्रचलन छ । यो गीत देवीपूजेर अर्थात् सरस्वती पुकार्नेवाट कार्तिक कृष्णपक्षको औशीबाट सुरु भएर यो जुनकुनै वेला अर्थात् मारुनी गीत गाएको वेलामा कृष्णलिला गीत गाइन्छ । यो गीत गाउँदा मादले, मारुनी र पुर्सुङ्गे लाई नचाइन्छ ।

## गौरी चरणा

यो गीत श्री कृष्णको चरित्र गीत गाएपछि  लगत्तै गाइन्छ । यो गीतमा पनि मारुनी पुर्सुङ्गे र मादलेलाई नचाइन्छ  । यो गीत श्री कृष्णका चरित्रको गीत गाए लगत्तै गाइन्छ । यो गीतमा पनि मारुनी, पुर्सुङ्गे, मादलेलाई नचाइन्छ । यहाँ गौरीका युग गणेशलाई विध्न हर

भनिएको छ । दुर्गादेवी तेत्तिसकोटी देवताले हामीलाई आशीर्वाद प्रदान गर भनी गीतको माध्यमबाट प्रार्थना गरिएको छ । “सूर्य मण्डल फूल तिपी सत्यावती देवतालाई सेवा गरन” भन्ने गीतका वाक्याँशले प्रार्थना भएको छ । गौरी चरणा गीतमा केउरे, मखमली, वारमासे, गुरधौली, दोपहरि फूल टिपी भगवानलाई देवी देवतालाई चढाउने सङ्कल्प लिएको छ । विभिन्न समयमा फूल्ने फूलहरूको वास्ना र पुष्पगुच्छा चढाएर चरणमा सेवा गरौला भनिएको छ । यो गीतको नमूना यस प्रकार रहेको छ

उ. हा हो गौरी पुत्र मङ्गल गनेस विना हर देखो ईश्वर
च. हा हे ब्रह्मा विष्णा फुल नाथ महेशोर
हे हो दुर्गा देवी हो तेस्तिस कोती देवता
कोती कोती मालालाई सेवा छ ।
वै हा हो भक्ति रसले रास लिला कण्ठ सरन
मा लेव ईश्वरा
उ हा हा सेवा गरन सेवा गरन सत्यावती देवता
ल लाई सेवा गरन
उ. हे हे सूर्य मण्डल फुल तिपी हेर सँगी हो सत्यवती देवतालाई
ल हा हा सेवा गरन
उ हे हे केउरे सारि फुल तिपी हेर सँगी हो सत्यावती देवता
ल लाई सेवा गरन ।
उ हे हे मखमली फुल टिपी हेर सँगी हे सत्यावती देवतालाई
ल हा हा सेवा गरन
उ हे हे थोगें सारि फुल तिपि हेर सँगी हो सत्यावती देवतालाई
ल हा सेवा गरन ।
उ हे हे ब्रह्मासे फुल टिपी हेर सँगी हो सत्यावती देवतालाई ल् हा सेवा गरन ।
उ हे हे गरधौली फुल टिपी हेर सँगी हो सत्यावती देवतालाई
ल हा सेवा गरन
उ हे हे दोपहरि फुल टिपी हेर संगी हो सत्यावती देवतालाई
ल हा सेवा गरन सेवणरत सत्यावती देवतालाई सेवा गरन्

## फुलवागीत

मारुनी गीत अन्तर्गतको फुलवागीत पनि मगर जातिमा गाइने कारुणिक गीत हो । फुलवागीतले कसैलाई हाँसो, खुसी ल्याउछन् भने कुनै गीतले प्रकृतिको मनोरम दृश्यको वर्णन गरको पाइन्छ । वस्तुलाई प्रेमको प्रतीकका रूपमा लिदै सुन्दर पूर्ण तरिकाले वर्णन गरिन्छ । विशेष गरेर प्रकृतिमा फुल्ने फूलअनुसारको वर्णन तथा मानवजीवनसँग फुलको तुलना गरिएकाले यस्ता खालका गीतहरूलाई फुलवा नाम दिइएको हो । फुलवा मारुनी गीत असोज कार्तिक अथवा दशै तिहारतिर शुरु गरिने गीत हो । यो समयमा जताततै विभिन्न रङ्गका फुलहरू (मखमली, सयपत्री गुर्धौली) फुल्ने समय हो । श्रोताहरूलाई यो गीत गाउँदा फूलहरूको वर्णन र प्रकृतिलाई यस समयका फूलले सजाउने हुँदा यो गीतको नामनै फुलवा गीत राखिएको हो । यो गीत ज्ञानवर्धक नभएर मनोरञ्जन दिने उद्देश्यले गाइन्छ । यसमा पनि मारुनी, पुर्सुङ्गे, मादलेको नृत्य प्रदर्शन गर्ने गरिन्छ । संक्षेपमा भन्दा फुलवागीत श्रोताहरूलाई मनोरञ्जन प्रदान गर्ने र मारुनी, पुर्सुङ्गे, मादले नाच्दा दर्शकलाई बढी आकर्षित गर्ने उद्देश्यले मात्र गाइन्छ ।[२४]

अन्य गीत तथा नाचले पौराणिक, धार्मिक, आध्यामिक प्रेमको विषय वोकेको हुन्छ भने यो फुलवागीतले प्रकृतिको वर्णन गरेको हुन्छ । यस गीतमा डाँडा पारीको फूलले डाँडा वारीको वास्ना आएको वर्णन “डाँडा पारीको थोङ्गेसरी फुलवा डाँडै वारीको वास” गीतले स्पष्ट पारेको छ । त्यसैगरी सयपत्री, थोङ्गेसरी, गुरधौली, मखली जस्ता फूलहरूबाट प्रकृतिलाई सजाएको र त्यही प्रकृतिमा रमाउने भाव व्यक्त गरिएको छ । विभिन्न समयमा फुल्ने फूलहरूले वारि डाँडाको वास्ना पारी डाँडा सम्म पुग्ने र पारी डाँडाको फूलले वारी डाँडालाई समेत सजाएको भाव व्यक्त गरिएको छ ।

फुलवा गीतका केही नमुनाहरू

कि लाउँदा मैले शिरै लाउने, सिन्दुर कित लाउला फुलमाला
त्यै पापी जोगीले, गाँसेको फुमाला, माया मोहनी लगायो
डाँडै पारीको, थोङ्गेसरी फुलवा, डाँडै वारीको बास
हाँसीमा हाँसी लगाएको पिरती, रोएर छुट्न लाग्यो

[२४] ऐ. पृ. ४३-४४ ।

सयपत्री फुलवा (के यति मलिनो) २

हो कि राजै, गैगयो जोवान

थोङ्गेसरी फुलवा (के यति मलिनो) २

हो कि राजै गैगयो जोवान ।

**सोरठी गीत**

कारीकोट क्षेत्रका मगर समुदायले प्रदर्शन गर्ने ठुलोनाच अन्तर्गतका नाचमध्ये गाइने एक महत्त्वपूर्ण गीत हो । यहाँका मगर समुदायका मानिसहरूले सोरठीगीतलाई महत्त्वपूर्ण मारुनी गीतको रूपमा लिने गर्दछन् । सामान्य परिवेशमा कसैको आग्रह विना सोरठी गीत गाइदैन ।

सोरठी शब्दको शाब्दिक अर्थका सम्बन्धमा विभिन्न विद्वानहरूको आफ्नो आफ्नो मत देखिन्छ । नेपाली शब्दसागरमा यसको अर्थलाई यसरी लेखिएको छ । “प्रायः सोह्रवटी नर्तकीहरूको सम्वेत. स्वरले गाइदै गरिने नृत्य” लाई सोरठी भनिन्छ । सोरठीलाई परिभाषित गर्ने क्रममा डा. चूडामणि बन्धुले सोरठीनाचमा मारुनीको मुख्य भूमिका रहने हुनाले यसलाई मारुनी नाच पनि भनेकाछन् । यो सोरठी गीतलाई मारुनी गीत भनिन्छ । मारुनी, पुर्सुङ्गे र मादलेको नाच भएका गीत जति मारुनी गीत हो ।

यस गीतको नाम कसरी रहन गयो भन्नेलाई यस गीतको कथावस्तु हेर्नु पर्ने देखिन्छ । यस गीतलाई नाट्य विधिबाट पर्ने प्रस्तुत गर्ने गरिन्छ । सोरठी गीतको नाम नै सोरठी किन रहन गयो भन्ने वारे डा. चुडामणी बन्धुले सोरठीको कथावस्तुलाई यसरी उल्लेख गरेका छन् ।

धेरै समयसम्म सन्तान नभएपछि सामरी भामरी राज्यका राजा जयसिंह र हैमती राज कुमारीका बिचमा प्रेम हुन्छ । विवाह छिनिन्छ, विवाह भएपछि, रानी गर्भवती हुन्छिन् । दश महिना पुगेपछि रानीलाई प्रसव वेदनाले छुन्छ । राजाले महरे जैसीलाई बोलाउन लगाउँछ । ज्योतिषजी आएपछि कन्याको जन्मकुण्डली तयारी पारी हेर्दछन् । वालिका सात मूलो परेकी हुनाले घरको जहान र राज्यलाई समेत अनिष्ट हुने कुरा बताउछन् । सात समुन्द्रको जल जम्मा गरि बालिकालाई स्नान गराएमा परिवारलाई नपिर्ने राजालाई अनिष्ट

हुने राजपाट गुम्ने कुरा बताउँछन् । यस्तो अनिष्ट ग्रह भएकी बालिकालाई नदीमा बगाइ दिएमा राम्रो हुने सल्लाह दिइन्छ । राजाले ज्योतिषको सल्लाह वमोजिम सुनारलाई सुनको वाकस वनाउन लगाएर त्यही वाकसमा बालिकालाई राखेर नदीमा बगाइदिन्छन् । रानी हैमतीले बिलौना गर्दछिन् ।

कुमाले र माझी सेती नदीमा माछा मार्न लागेका हुन्छन् । त्यही समयमा बाकस बगेर आउँछ । उनीहरूले वाकसलाई जालमा पार्छन् र झिक्छन् बाकस खोलेर हेर्दा बालिकालाई देख्दछन् । निःसन्तान कुमालेले बालिकालाई लिन्छ, माझीले सुनको बाकस लिन्छ । कुमालेले बालिकालाई घरमा लगेर आफ्नी पत्नीलाई पाल्न दिन्छ । कुमाल्नीका दूध रसाउँछन् र बालिकालाई पोल्दछन् । बालिकाको नाम सोरठी राख्दछन् । सोरठी हुर्कदै जान्छे १५/१६ वर्षकी हुन्छे ।

राजा गैरीगाउँका जनतालाई लिएर सिकार खेल्न वनमा जान्छन् । हरिणको वयानलाई घेरामा पारेर मार्छन् । हरिणलाई काटेर पोलेर खान्छन् । पानीको प्यास लाग्दछ र पानीको खोजमा हिड्छन् । कुमालेको घरमा पुग्छन् र सोरठीसँग पानी मागेर पिउँछन् । सोरठीको रूप सौन्दर्य देखेर राजा मोहित हुन्छन् अनि राजाले कुमालेसँग भिक्षा माग्दछन् । कुमालेले के भिक्षा लिन्छौ ? भनी सोध्दा म अरु भिक्षा लिन्न जोवन भिक्षा लिन्छु भनी सोरठीलाई माग्छन् । कुमालेले भिक्षुकको परिचय माग्छ । राजाले म सामरी भामरीमा वस्ने जयसिंह मल्ल हुँ भनी आफ्नो परिचय दिन्छन् । विवाह छिनिन्छ, विवाहको तयारी हुन्छ ।

राजा जयसिंहले मन्धामी, मालुङ्गे राजा जुम्लेली राजा, कछुवा राजा र विजय जैसीलाई निमन्त्रणा गर्दछन् । विजयपुर हाटबाट राम्रा राम्रा गहना, कपडा किनेर ल्याउँछन् । सवै जन्तिलाई सिंगारेर पञ्चे बाजा बजाउँदै जन्ती प्रस्थान गर्दछन् । कुमालेको घरमा विवाहको तयारी हुन्छ, विवाह मण्डप बनाइन्छ । सिंगारिन्छ । वरियाँत आउँछ, जन्ती पर्सने कार्य हुन्छ । विवाहको कार्य अगाडि बढ्छ । कपडा लगाउँदा, गहना लगाउँदा र जागिमाया माडो घुम्दा सोरठी केही पनि बोल्दिनन् तर जब सिन्दुर लगाउने बेला हुन्छ तब बाबाको हातबाट कुनै चेलीले सिन्दुर लगाउँदैन र म पनि लाउँदिन किनभने मेरी आमा हैमती रानी हुन् र बाबा जयसिंह राजा हुन् भनी सोरठीले रहस्य बताउँछिन् । यस्तो रहस्य थाहा पाएपछि राजाले आफ्नी छोरीप्रति षडयन्त्र गर्ने विजय जैसीलाई दण्डस्वरूप चार पाटा

कपाल मुडेर सँगुरको पाठो बोकाएर ढ्याङ्ग्रो बजाउँदै देश निकाला गर्दछन् । छोरी सोरठी र बाबु आमाको पुनर्मिलन हुन्छ ।[२५]

तल दिइएको गीतमा आधारित सोरठीको मूल कथा यही हो । यस कथामा राजा रानीको विवाहको प्रसङ्ग आरम्भ छोरीलाई नदीमा बगाउनु सम्मका घट्ना विकास, सोरठीसँग विवाह मण्डपमा वस्नु चरम विकास र रहस्य बोध भई परिवारको पुनर्मिलन र ज्योतिषलाई देश निकाला गर्नु अन्त्य भाग हुन् । सोरठी गीतको नमूना यस प्रकार रहेको छ ।

हा. हो पुरवै दिशाको मदौरे राजै ............... ६/७
हा.हो चारै वंशको जात राजै ....................... ६/७
हा. हो मदौरे राजैको लोक पाँच ................... ६/७
हा हो दक्षिण दिशाको जैसिङ्गे राजै ................ ६/७
हा हो पश्चिम दिशाको कछुवा राजै ...................... ६/७
हा हो चारै वंशको जात राजै ..................... ६/७
हा हो चारै वंशको जात राजै .......................... ६/७
हा हो जुमाली राजैको लोकपाँच .......................... ६/७
हा हो आइत पुग्यो मामैको देश .......................... ६/७
हा हो अघिमा चल्यो नौमति बाजा .......................... ६/७
हा हो उही र पछि दीयो कलश .......................... ६/७
हा हा कतिमा ल्यायौ मारी हे हस्तीमा गढवा
कतिमा लाख ल्यायौ राजै रजपुत्र ............. ३/४
हा हा दसैमा लाख ल्यायै मारी ए हसतीमा गढवा
बीसैमा लाख ल्यायौ राजै रजपुत्र .................. ३/४
हा हा कहाँ कहाँ व्यथल ए हस्तीमा गढवा
बगियै वैथल राजै रजपुत्र ................ ३/४

[२५] प्रा.डा. मोतीलाल पराजुली डा. जीवेन्द्र देव गिरी - नेपाली लोक साहित्यको रूपरेखा - पृ. ३०५-३०६ ।

हा हा के के मा खान्छ गढवा

के के मा खान्छ राजै रजपुत्र ................ ३/४

हा हा दानाज खान्छम् राजै हस्तीमा गढवा

भरीजन खान्छम् राजै रजपुत्र .............. ३/४

हा हा शिरै लाउने सिन्दुर हो .............. ४/६

हा हा देखल कि नहि राजै .............. ४/६

हा हा नही देखल हाइमती रानी ................ ४/६

हा हा लीलै लाउने टिकीया हो ................. ४/६

हा हा देखल कि नहि राजै .................... ४/६

हा हा नहि देखल हाइमती रानी .................. ४/६

हा हा आँखै लाउने गाजलु ................... ४/६

हा हा देखल कि नहि राजै ज्यू हो ................. ६/७

हा हा नहि देखला हाइमति रानी .................... ६/७

हा हा नाकै लाउने नथिया .................. ६/७

हा हा देखल कि नहि राजै ज्यू हो .................. ६/७

हा हा कानै लाउने सुनिया .............. ६/७

हा हा नहि देखल हाइमती रानी ................... ६/७

हा हा हातै लाउने चुरिया .................. ६/७

हा हा देखल कि नहि राजै .................. ६/७

हा हा नहि देखल हाइमति रानी .................. ६/७

हा हा शिरै लाउने सिन्दुर आफै राजाले दिनेछन् २

यिनै राजाको आश मलाई छैन जैजाउला माइतीको देश ४

हा हा लिलै लाउने टिकीया यिनै राजाले दिनेछन् २

यिनै राजाको आश मलाई छैन जैजाउला माइतीको देश ४

हा हा नाकै लाउने नथिया यिनै राजाले दिनेछन् २

यिनै राजाको आश मलाई छैन चली जाऊ माइतीको देश ४

हा हा कानै लाउने सुनिया यिनै राजाले दिनेछन् २

यिनै राजाको आश मलाई छैन चली जाउन माइतीको देश ४

हा हा हातै लाउने चुरिया यिनै राजाले दिनेछन्  २
यिनै राजाको आश मलाईं छैन चली जाउन माइतीको देश ४
ए मेरी राजै जैजाउला माइतीको देश
हा हा बाबा र आमाले दिएको गहना (यिनै राजाले बेचिखायो)
यिनै राजाको आश मलाई छैन
जैजाउला माइतीको देश ४
ए मेरी राजै जैजाउला माइतीको देश ४
बबा र आमाले दिएको गहना यिनै राजाले बेचिखायो
ए मेरी राजै जैजाउला माइतीको देश ४

**आशिक**

यो गीत गाउँदा प्रायः सवैजना उठेर गाउने गरिन्छ। यसमा गुरवाले गीत झिकेपछि अरुले गीत भट्याउने र दुईवटा मादले एउटा मारुनी एउटा पुर्सुङ्गे नचाइन्छ । यो गीत गाएर जसका घरमा आयोजना गरिएको हो उसैको घरमा विशेष प्रकारबाट आशिक प्रदान गर्नको लागि यो गीत गाईन्छ । आशिक गाए पछि गाउन आउनेलाई आयोजना गरिएको घरको मुलीव्यक्तिबाट विदा गरिन्छ।

विदा गर्ने क्रममा सवै जनालाई भोजभतेर गरेर आँशिक गीत गाउदै फूल, अक्षता घर मालिकलाई दिइन्छ। गीत गाएर विश्राम गर्ने क्रममा यो आँशिक गीत अनिवार्य रूपमा गाइन्छ। आँशिक गीत गाएपछि आयोजना गरिएको घर वालालाई आर्शिवाद दिदा पुनः फेरी पनि चाँडै नै गीत लगाउन पाएहुन्थ्यो भन्ने प्रभाव रहन्छ । आशिक गीतबाट दिइएको आशिर्वाद लाग्ने भनी पूर्ण विश्वास गर्दछन्।  आशिक गीत यसप्रकार रहेको छ।

सिरै लाउने सिर्फूल राजै
सिरै लाउने सिन्दुर राजै
लिलै लाउने टिकिया राजै
आखै लाउने गाजलु राजै
नाखै लाउने नथिया राजै
मुखै लाउने लालीमा राजै

नाकै लाउने धोँग्री राजै

कुमै लाउने चोलिया राजै

कमर लाउने पटुकी राजै

गोर्ड लाउने पैइडारी राजै

पावै लाउने पावली राजै

उ हा हा सिरै लाउने सिन्दुर लाउछौकि भाउजु

लाईन देवर

ल हा हा लाइन देवर गहलेमा आउछ हामारे

पुरुष कोहिलेमा लाउछु सिरै सिन्दुर

उ हा हा लिलै लाउने टिकिया लाउछौकी भाउजु

लाइन देवर

ल हा हा लाईन देवर डाहलेमा आउछ हामोर

पुरुष वोहिलेमा लाउला लिलै टिकिया

### ४.३.१ कारीकोट चण्डीभञ्ज्याङ्गको सामाजिक जीवनको चित्रण

कारीकोट चण्डि भञ्ज्याङ्ग स्याङ्जा जिल्लाको पशिचमी भेग अन्तर्गत गुल्मी र पाल्पाको सिमानामा पर्दछ । यस गा.वि.स मा जात जातिको हिसाबले ब्राह्मण, क्षेत्री, मगर, नेवार, कामी, गुरुङ, दमाई, सार्की, वोटे र अन्य गरी जम्मा ३९४२ जनसंख्या रहेको छ । यस क्षेत्रमा २३५९ मगर जाति रहेका छन् । जसमा पुरुष १०१२, महिला १३४७ रहेका छन् । यस क्षेत्रमा बढीमात्रमा मगर जातिको बसोवास रहेकाले मगरको संस्कार परम्पराले अन्य जातिलाई पनि प्रभाव पारेका  छ । चण्डि भञ्ज्याङ्गमा १ वटा सामुदायिक मा.वि, १ सामुदायिक नि.मा.वि, ५ सामुदायिक प्रा.वि रहेका छन् । यस क्षेत्रमा ७६.६८ प्रतिशत जनसंख्या साक्षरता छन् भने ८५.३६ प्रतिशत पुरुष साक्षर र ७०.४९% महिला साक्षर छन् । कारीकोट चण्डि भञ्ज्याङ्गको क्षेत्रफल १७.८८ वर्ग किलोमिटरमा रहेको छ । यस क्षेत्रमा बढीमात्रमा मगर जाति रहेकाले चाडपर्वमा पनि मारुनी, सोरठी ख्याली जस्ता गीतहरू गउने गर्दछन् । यहाँका मानिसहरू प्रायः धेरै जसो लाहुरे रहेका छन् । त्यसैले भाषामा

गीतमा पनि हिन्दी र अङ्ग्रेजी मगर भाषा मिसिएको छ ।[२६]

### ४.३.२ माया प्रेमको चित्रण

कारीकोट चण्डि भञ्ज्याङ्ग गा.वि.स मा अधिकांश मगर जातिको बसोवास रहेको छ । मगर जातिमा प्रायः मागी विवाह भन्दा प्रेम विवाहको परम्परा रहेको छ । मारुनी सोरठी, जस्ता गीत गाउँदा मन परेमा त्यहीँ बाट भाग्ने र पछि माइतीले बोलाएर ढोग भेट दिएपछि पारिवारिक सम्बन्धको गाँठो परेको विश्वास गर्दछन् । मगर जातिकै प्रभावले अन्य जातिमा पनि प्रेमविवाह हुन थालेको छ । अहिलेको समयमा अन्तर्जातीय विवाह पनि हुने गरेको छ ।

### ४.३.३ आर्थिक जीवनको चित्रण

यस भेगमा बसोवास गर्ने मानिसहरूको मुख्य पेशा कृषि हो । मुख्य पेशा कृषि नै भएतापनि यस क्षेत्रमा आवश्यक उब्जाउशील जमिनको अभाव देखिन्छ । यस क्षेत्रमा मुख्य रूपमा मकैको उत्पादन हुन्छ । यहाँका मानिसहरूको आर्थिक स्थिति न्यून रहेको पाइन्छ । आयआर्जनको लागि यहाँका मानिसहरू भारतमा गोर्खा भर्ती हुने तथा अन्य देशहरूमा जानुपर्ने वाध्यता रहेको पाइन्छ । यस क्षेत्रमा अधिकाँश भागमा अदुवा, वेसार, पिडालु, गहते, सिल्टुङ जस्ता नगदे वालीहरू उत्पादन हुन्छ । तर उचित बजार व्यवस्थापन नपाएका कारण ती वस्तुहरूको निकास पाएको देखिदैन । दैनिक प्रयोगमा आउने सामग्रीहरू बाहिरबाट मगाउनु पर्ने हुँदा आर्थिक स्थिति सप्रदो अवस्थामा रहेका मानिसहरू बसाइँ सरी तराई तिर जाने क्रम बढ्दो छ । यस क्षेत्रका मानिसहरू स्वदेशमा नै आयआर्जन गरी उच्च स्थानमा पुग्नेको मानिसहरूको संख्या नगन्य नै देखिन्छ ।

### ४.३.४ नारी तथा पुरुष जीवनको चित्रण

कारीकोट चण्डि भञ्ज्याङको जनसंख्या अनुसार जम्मा ३९४२ जनसंख्या छ । जसमा १६७१ पुरुष, २२७१ महिला रहेकाछन् । यस क्षेत्रको पुरुषहरू बढिमात्रामा भारतीय सेना तथा बेलायती सेनामा भर्ति हुन जान्छन् । महिलाले घरको घाँस, दाउरा, मेलापात गरी जिविको

[२६] जिल्ला वस्तुगत विवरण स्याङ्जा, २०७१- पृ. ९१ ।

पार्जन गर्दछन् । वर्तमान समयमा आएर महिलाहरूले पनि उच्च शिक्षाआर्जन गर्न आकर्षित छन् । महिलाहरूले मेलापात जाँदा गीत गएर वनजङ्गल नै गुञ्जाउने गर्दछन् ।[२७]

### ४.३.५ प्रकृतिको चित्रण

गण्डकी अञ्चल अन्तर्गत स्याङ्जा जिल्लाको सवैभन्दा पश्चिम सीमाना चण्डी भञ्ज्याङ गा.वि.स पर्दछ । समुद्री सतहबाट ३६६ मीटर देखि २५१५ मिटरसम्मको उचाइमा अवस्थित छ । यस क्षेत्रका मुख्य वालीका रूपमा मकै, सिल्टुङ, गहते अदुवा आदि उत्पादन गरिने भएता पनि भिरालो जमिन र पानीको अभावको कारण धान वाली सहायक वालिका रूपमा उत्पादन हुन्छ । यस क्षेत्रमा खानेपानीको समस्या रहेको छ । यसै क्षेत्रमा खानेपानीको समस्या रहेको छ । यसै क्षेत्रमा केही भागमा जाडो महिनामा घाम कम पर्ने हुँदा जाडो अलि बढी हुन्छ । यस गा.वि.स का छिमेकी गा.वि.स हरूमा आलमदेवी गा.वि.स अन्तर्गत शाहवंशीय राजाहरूको कूलदेवता आलमदेवीको मन्दिर क्षेत्र अवस्थित छ ।[२८] आलमदेवी र कारीकोटको विचमा पर्ने मसार डाँडा स्याङ्जा जिल्लाकै सबभन्दा अग्लो डाँडा रहेको छ । यस डाँडामा लालीगुराँस फुलेको देख्न पाइन्छ ।

### ४.३.६ सांस्कृतिक तथा धार्मिक जीवनको चित्रण

यस भेगका वासिन्दाहरू बढीमात्रामा हिन्दु धर्म मान्ने हुँदा दशै, तिहार, तीज, माघेसंक्रान्ति, फागुपूर्णिमा चैतेदशै जस्ता चाडहरू विशेष उल्लासका साथ मनाउने गर्दछन् । हिन्दु संस्कार अनुसार विवाह व्रतबन्ध, छेवर, छैंटी, भात खुवाई आदि पर्व तथा उत्सवहरूमा आफ्ना नाता कुटुम्ब इष्टिमित्र छरछिमेकीहरूलाई निम्तो बोलाउने मासु, सेल, वटुक, पुरी जाँड, रक्सी खान दिने र यस्ता अवसरमा नाच्ने गाउने गर्दछन् । वर्तमान समयमा बढढो क्रममा प्रचार-प्रसार हुँदै आएको लोकदोहोरी गीतले यस क्षेत्रका युवा वृद्धा सवैको मनलाई छोएको छ । घाँस, दाउरा, मेलापात, जाँदा रामरमिता हुँदा यहाँ लोकदोहरी गीतहरूले डाँडाकाँडा गुञ्जने गर्छन् । पूजाआजा हुँदा चाडपर्वहरूमा र विभिन्न उत्सवहरूमा चाही लोकनाटक प्रदर्शन गर्ने मारुनी गाउने गर्दछन् ।

---

[२७] ऐजन ९१ ।

[२८] योगमाया गुरुङ , कारीकोट क्षेत्रमा प्रचलित ठूलोनाचको सङ्कलन वर्गीकरण र विश्लेषण २०६५ अप्रकाशित शोध पृ. ७ ।

# पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

मारुनी गीत पश्चिमाञ्चल क्षेत्रको स्यङ्जा जिल्ला अन्तर्गत कारिकोट चण्डीभञ्ज्यङ्गमा बस्ने मगर जाति बिशेषको धार्मिक तथा साँस्कृतिक गीत हो । चण्डीभञ्ज्यङ्ग क्षेत्र स्यङ्जा जिल्लाको पश्चिमी भेगमा पर्दछ । यस परिच्छेदमा कारीकोट चण्डीभञ्ज्याङ्ग क्षेत्रका मगरहरूले गाउँने मारुनी गीतहरूको चर्चा गरिएको छ । यो गीतसँग नाचको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका रहेको छ । माथि उल्लेखित गीत गाउँदा मारुनी पुर्सुङ्गे मादले जस्ता नृत्यकर्मीहरू र गुरुवाले गीत सुरुगरेपछि मारुनी गीतको स्वरूप झल्कन्छ । सोरठी गीत वा नाच भोजपुरी तथा थारु समुदायमा पनि प्रचलित भएकाले मगरहरूको समुदायमा प्रचलित सोरठी गीतमा भोजपुरी, थारु तथा हिन्दी भाषाको पनि प्रयोग भएको भेट्न सकिन्छ । कारीकोट क्षेत्रमा प्रचलित मारुनीगीत सोरठी ख्याली, फुलवा : रामचरित्र, कृष्णचरित्र, गोवर्धन लिलाखण्ड, होरकने विधि, आँशिक जस्ता गीतले मारुनी गीतको परिचय पाएको माथि उल्लेखित गीतबाट पाइन्छ । यस्ता गीतलाई नै चाडपर्व र जन्म संस्कारमा गाउने गरिन्छ ।

## ५.१ सारांश

नेपाली लोकगीतको जग लोक साहित्य हो । लोक गीतले मानिसलाई भरपुर मनोरञ्जन प्रदान गर्दछ । यस अध्ययन पत्रको पहिलो परिच्छेदमा मारुनी गीत आदिदेखि अन्त्यसम्म कसरी गरिन्छ । कुन जातिमा प्रचलित छ आदि कुराहरूको चर्चासँगै अधयनपत्रको परिचय दिइएको छ । दोस्रो परिच्छेदमा अध्ययन गरिने क्षेत्रको, जिल्लाको परिचय, इतिहास, जिल्लाको नामाकरण, जनसङ्ख्या, हावापानी, नदीनाला, राजनैतिक, वनजङ्गल, यातायात सञ्चार तथा कारिकोटचण्डीभञ्ज्याङ्गको समेत जानकारी दिइएको छ । यसैगरी तेस्रो परिच्छेदमा मारुनी गीतको वर्गीकरण, सैद्धान्तिक परिचय, मारुनी गीतको परिचय, परिभाषा, विशेषताहरूको चर्चा गरिएको छ ।

चौंधो परिच्छेदमा कारीकोट चण्डीभञ्ज्याङ्ग खलुवामा गाउने टोलीको नुत्यकर्मीहरू नामावली र उनीहरूद्वारा गाउने गीत सरस्वती पुकार्ने क्षमता, दाता पुकारने विधि, होरकने

विधि, गोवरधन, लिलाखण्ड, कृष्णचरित्र ख्याली, रामचरित्र ख्याली, कृष्ण जन्म लिला खण्ड, गौरी चरणा, आँशिक जस्ता गीतहरू र कारीकोट चण्डि भञ्ज्याङ र छिस्दीका मगरहरूको खलुवाको भन्दा फुलवा र सोरठी गीत पनि गाउने हुनाले उक्त गीत सङ्कलित रहेको छ । त्यस्तै गीतको वर्गीकरण सङ्कलीत मारुनी गीतको विश्लेषणका साथै कारीकोट चण्डि भञ्ज्याङ् क्षेत्रको सामाजिक जीवन, मायाप्रेम, आर्थिक, नारी तथा पुरुष, प्रकृति, सांस्कृतिक धार्मिक जीवनको चित्रण गरिएको छ साथै गाउँने र नृत्यकर्मीहरूकमो नामावली पनि रहेको छ । पाँचौ परिच्छेदमा मारुनी गीतकोसम्पूर्ण परिच्छेदको समाप्तिमा उक्त अध्ययनको सारांश र निष्कर्षको चर्चा गरिएको छ ।

## ५.२ निष्कर्ष

स्याङ्जा जिल्ला पश्चिम सिमानामा अवस्थित कारीकोट क्षेत्र जिल्लाकै सवैभन्दा पिछडिएको गा.वि.स अन्तर्गत रहेको छ । सदरमुकामबाट धेरै पिछडिएको गा.वि.स भएता पनि गुल्मी र पाल्पाको सिमानामा रहेको हुँदा यहाँका बासिन्दाहरू अन्य काममा पछि पर्नु परेको देखिदैन । यस क्षेत्रमा अत्यधिक मगर समुदायको बसोबास रहेको छ । यहाँका बासिन्दाहरू हिन्दु संस्कार अनुसार चाडपर्व मनाउने गर्दछन् । घाँस दाउरा, मेलापात जाँदा मनमा परेका पिडा वेदनालाई गीतका माध्यमबाट वनजङ्गल नै गुञ्जाउने गर्दछन् । प्रत्येक वडाहरूमा प्राथमिक विद्यालय भएता पनि माध्यमकि विद्यालय भने एक मात्र रहेका छ । यस क्षेत्रमा शिक्षाको (जनचेतनाको) कमीले गर्दा विचमै पढाइ छाडेर अन्यत्र भर्ती हुन, काम खोज्ने, सिप सिक्न व्यापार व्यवसाय गर्न जाने गर्दछन् । उच्च शिक्षा हासिल गर्नलाई अहिले +१२ सम्म रहेको छ । त्यसभन्दा माथि पढ्न पाल्पा, रिडी, बुटवल, काठमाडौं तिर जाने गरेको पाइन्छ । नगदेवालीको रूपमा उत्पादन भएका वस्तुहरूले पनि त्यति निकास पाएको छैन । यस क्षेत्रका मानिसहरू घाँसदाउर गर्न जाँदा र बिभिन्न चाडपर्वमा लोकगीतहरू गाइ मनोरञ्जन लिने गर्दछन् ।

लोकगीतले सामान्यतया मानिसका भाव विचार व्यक्त गर्दै प्राचिनकालदेखि नै श्रुतिपरम्परामा श्रृङ्खलाबद्ध भएर बाँचिरहेको छ । यसले मानिसका अन्तरमनमा भएका कुण्ठित भावना, विचार, जीवन भोगाइलाई पनि अभिव्यक्ति गरेको पाइन्छ । कारीकोट क्षेत्रमा प्रचलित मारुनी गीत कार्तिक कृष्णपक्षको औशीदेखि एकादशी सम्म विश्राम नगरी

गाइन्छ । यो गीत गाउँदा सुरुमा सरस्वती बाँध्ने अथवा देवीदेवता पुकार्ने गरिन्छ । सरस्वती पुकारेपछि ख्याली, कृष्ण चरित्र, रामचरित्र, होरकने, झुमरा, सोरठी, फुलवा, दाता पुकार्ने, आँशिक जस्ता गीतबाट मारुनी गीतले वृहत् रूप पाएको हुन्छ । मगरहरूको संस्कृति झल्काउने गीत हुँदा हुँदै पनि नयाँ पिढीहरूले यसलाई छोड्दै जान थालेको देखिन्छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा समेत लोकसंस्कृतिको परिचय दिने यस्तो लोक संस्कृतिको जगेर्ना गर्नु अति जरुरी देखिन्छ ।

मारुनी गीत अन्तर्गत पर्ने सोरठी गीत ठुलो गीत मानिन्छ । यो गीत सामान्य रूपमा नभएर नृत्यकर्मी तथा वाक्लो उपस्थिति भएको समयमा मात्र गाइन्छ । सोरठीको कथानक जो कोहीले जानेको पनि हुदैँन । सोरठी फुलवा, सरस्वती पुकार्ने, होरकने, झुमरा, रामायणमा आधारित, रामचरित्र, कृष्णचरित्र, जस्ता गीतमा नुत्यकर्मी एकै खालका पात्र, सङ्गित भएता पनि कथानक अनुसार गीत फरक हुन्छ ।

स्याङ्जा जिल्ला अन्तर्गत कारीकोट चण्डीभञ्ज्याङ्ग गा.वि.स मा मारुनी गीत अति प्रचलित मगर जातिको पहिचान र हिन्दु संस्कार अनुसारका चाडपर्व विशेषमा गाइने एक लोक गीत हो । यो गीतले आध्यात्मिक सांस्कृति, प्राकृतिक समस्त मानिसका जीवन भोगाइलाई जस्ताको तस्तै उतार्ने र पिडा वेदनालाई गीतकै माध्यमबाट प्रस्तुत गरि मनलाई हलुका पार्ने गर्दछ । मारुनी गीत गाउने क्रममा रक्सी जाँड जस्ता मादक पदार्थ प्रयोग गरेर मात्र विशेष गाउनेहरूले बढी प्रभावकारी गाउन र नाच्न सक्ने अनुभव बताउँदछन् ।

यस क्षेत्रको लोकगीतले राष्ट्रको नै गौरव बढाउने काम गरेको देखिन्छ । हुन त अहिलेका नयाँ पिढीले यो गीत प्रति त्यती रुचि देखाएका छैनन् । तापनि अहिले सम्म मारुनी गीत सवैजसोले मन पराउने र आकर्षक श्रुतिरम्य गीतको रूपमा मारुनी गीतलाई लिने गर्दछन् ।

अतः यस्तो अवस्थाबाट यसलाई जोगाउने यो विषयमा अध्ययन/अध्ययनकार्य गर्न चाहनेका लागि केही सम्भाव्य शीर्षकहरू यस प्रकार रहेका छन् ।

## मारुनी गीत  सम्बन्धी सोधिएका प्रश्नावलीहरू

प्रश्नकर्ता : चेतनारायण सुवेदी

उत्तर दिनेव्यक्ति : नैनी कला राना

१. यो गीत गाउँदा कस्ता भेषभूषा लगाइन्छ ?

उत्तर यो गीत गाउँदा, चोली, घलेक, खुर्पेटो, हसिया, श्रीफुल, कानमा लगाउने यार्लिङ कम्मरमा टिकी पहेलो पटुका मारुनीले लगाउँदछन् भने पुर्सुङ्गे, मादलेले, सट, आसकोट, धुन, सेतो, पटुका, कालो भात गाउले टोपी, घाटीमा रङ्गिन गलवन रङ्गिन धोती आदि ।

२. किन मारुनी गीत अरुले सिक्न खोज्दैनन ?

उत्तर - मोवाइल, फेसवुक, हिन्दी, अङ्ग्रेजी, तथा अन्य गीत सुन्न थालेर

३. तपाइलाई मारुनी गीत मनपर्छ की अन्य ? किन मन पर्छ ?

उत्तर- मारुनी । आधुनिक तथा अहिलेको बढी उछ्रिङ्खल लाग्छ ।

प्रश्नकर्ता :- चेतनारायण सुवेदी

उत्तरदिने व्यक्ति - इन्द्रासोमै चण्डी

१. यो गीत लगाउँदा खर्च कति लाग्छ ?

उत्तर - तोक छैन

२. तिजमा मगर गित वा मारुनी कत्तिको गाइन्छ ?

उत्तर - गाइदैन अन्य गीत डेज बनाएर नाच्दछन् ।

३. नयाँ पुस्ताले कत्तिको रुचि देखाएका छन् ?

एउत्तर : नयाँ पुस्ताले त्यति रुचि देखाएका छैनन् ।

प्रश्नकर्ता :- चेतनारायण सुवेदी

उत्तरदिने व्यक्ति- खलुवाको गुरुवा

लालबहादुर चितोरे (राना)

१. हजुरले को सँग सिक्नु भयो ?

उत्तर - म १७ वर्षमा भर्ती भएर छुट्टीमा आउदा वेला वखतमा ठुलोवा गुरुवा हुनुथ्यो उहाँसँग-सँगै हिड्दा हिड्दै सिके ।

२. हजुर कहिले देखि गुरुवा हुनु भयो ?

उत्तर - म २००३ देखि अहिले सम्म गूरुवाको पद समालेको छु ।

३. मारुनी गीत-गाथाका स्रोत के के हुन् ?

४. यो गीत गाउँदा के कस्ता वाजाहरू प्रयोग गरिन्छ ?

५. यो गीत गाउँदा र नाँचा कति जनाको टोली हुनु पर्छ ?

६. यस गीत गाउँदा र नाच्दा प्रयोग हुने कलाकारलाई के भनिन्छ ?

७. सोरठी गीत गाउँदा कस्ता विषयलाई बढी प्रधान गरेर गाइन्छ ?

८. यसको प्रचलन कहिले देखि गाएर कहिले टुङ्ग्याइन्छ ?

मारुनी गीतमा प्रयुक्त भएका शब्द

लिलै :- निधार

जोगीया :- जोगी

कैसे :- कसरी

लेखै :- लेक

चुरिया :- चुरा

देवतारे :- देवताले

सूरज्यू :- सूर्य

टेष्टीकोती :- तेत्तीसकोटी

पवय :- खुट्टाले -पाउले)

टुङ्कोतय :- टुङकोट

बहिक्यारे :- त्यहाँकै

नवैलाख :- नौलाख

हमरया :-हाम्रा

भनिमा :- भन्दा

गोप्यानी :- गोपिनी

दरीशन :- दर्शन

अजुट्टे :- अयोध्या

अष्तमी :- अष्टमी

विन्दी :- बन्दि

फेडैमा :- फेदैमा

मुकुत :- मुकुट

मतेङ्गरा :- मटेङ्ग्रा

# सन्दर्भग्रन्थसूची


उपाध्याय, देवराज, ***बडीमालिका नगर क्षेत्रका मागलगीतको कथन पद्धति,*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, २०६३ ।

गुरुङ, योगमाया ***कारीकोट क्षेत्रमा प्रचलित ठूलोनाचको सङ्चलन, वर्गीकरण र विश्लेषण*** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन बहुमुखी क्याम्पस, २०६५ ।

तथ्याङ्क कार्यालय स्याङ्जा र पर्वत : ***जिल्ला वस्तुगत विवरण स्याङ्जा,*** *२०७१,* : नेपाल सरकार राष्ट्रिय योजना अयोगको सचिवालय केन्द्रीय तथ्याङ्क विभाग, २०७१ ।

थापा, धर्मराज र सुवेदी हंसपुरे : ***नेपाली लोकसाहित्यको विवेचना*** , काठमाडौं : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, २०४१ ।

पराजुली, कृष्णप्रसाद : ***नेपाली लोकगीतको अलोक*** : काठमाडौं : वीणा प्रकाशन प्रा.लि., २०५७ ।

पराजुली, मोतीलाल र गिरी, जीवेन्द्रदेव : ***नेपाली साहित्यको रूपरेखा*** : काठमाडौं : साझा प्रकाशन, २०६८ ।

बन्धु, चूडामणि : ***नेपाली लोकसाहित्य*** *(* दो.सं.), काठमाडौं : एकता वुक्स, २०६६ ।

बस्याल, हुमाकान्त : ***पाल्पा बल्देङ्गढी क्षेत्रको मगरजातिमा प्रचलित ठूलोनाच तथा स्थानीय अन्य लोकनृत्यहरूको सङ्कलन वर्गीकरण र विश्लेषण*** : अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रिभुवन बहुमुखी क्याम्पस पाल्पा, २०६२ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद : ***लोकवार्ताविज्ञान र लोकसाहित्य*** : काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद : ***शोधविधि*** (पाँ.सं.) काठमाडौं : साझा प्रकाशन, २०६८ ।